# वातानुभूति

## (ECHOES OF ENVIRO)



Inhured International 1990

इन्हुरेड इन्टरनेशनल

Karuna-Shechen

Humanitarian Projects in the Himalayan Region

| | | |
|---|---|---|
| सम्पादन | : | डा. गोपाल कृष्ण सिवाकोटी |
| विज्ञ परामर्श | : | सलभ राणा |
| विशिष्ट योगदान | : | सरोज फुयाँल |
| | | सुशिला लिम्बु |
| | | रुपा पौडेल |
| | | पासाङ शेर्पा |
| स्रोत सहकर्मी | : | करुणा-सेचेन |
| प्रथम संस्करण | : | ७५० प्रति (२०७८) |
| सर्वाधिकार | : | इन्हुरेड इन्टरनेशनल |
| ले-आउट | : | इन्द्र मगर |
| आवरण तस्विर | : | Collage Art |
| मुद्रण | : | गंगा जमुना प्रेस प्रा. लि. |
| ISBN | : | 978-9937-9309-................. |

प्रकाशक

इन्हुरेड इन्टरनेशनल

पो.ब.नं. १२६८४, काठमाडौं

कुपण्डोल, ललितपुर-१०, नेपाल

फोन नं.: ५०१०५३६, फ्याक्स: ५०१०६१६

इमेल: info@inhuredinternational.org

वेभसाइट: www.inhuredinternational.org

inhured international INHUREDInternational

# “वातानुभूति” को सन्दर्भमा...

विश्व परिवेशमा वातावरण संरक्षणको सवाल परम्परागत अवधारणा भन्दा नितान्त पृथक बन्दै गएको छ । झट्ट सम्झँदा र बुझ्दा सरसफाई र वृक्षारोपण नै वातावरण संरक्षणको कडी हो भन्ने सोचमा बदलिँदो परिवेशसँगै व्यापक परिवर्तन देखा परेको छ । एकातिर संविधानमा प्रथम पटक वातावरणको अधिकारलाई मौलिक मानव अधिकारको रूपमा ग्रहण गरिएको छ भने अर्कोतर्फ यो अधिकार उल्लङ्घनको हकमा अन्य मौलिक अधिकार सरह न्याय निरूपणयोग्य समेत बनाइएको छ । वातावरण संरक्षणको क्षेत्रमा यो संवैधानिक प्रावधानलाई एक कोशेढुङ्गाको रूपमा लिन सकिन्छ ।

भूमण्डलीकरणको विस्तार, वातावरणको व्यापक विनाश र तिव्र औद्योगीकरणले निम्त्याएको पृथ्वीको तापमानमा आएको वृद्धिसँगै जलवायु परिवर्तनले मानव जीवनशैलीमा नै असाधारण परिस्थिति सृजना गरेको छ । सिङ्गो विश्व पर्यावरण नै नयाँ खाले चुनौतिको शिकार बन्न पुगेको छ । जलवायु परिवर्तनको असरका कारण केवल विश्व तापमान बढ्ने मात्र नभई विपद्का नयाँ-नयाँ संस्करणहरू तिव्र रूपमा देखा परेका छन् । व्यापकरूपमा उत्तरी ध्रुवमा बरफ पग्लिनुका कारण समुद्रि सतह माथि उठ्नु, भयानक आँधीबेहरी निरन्तर रूपमा सृजित हुनु, अकल्पनीय मानव क्षतिजन्य बाढी आउनु, विनाशयुक्त डढेलोको लपेटाले सम्पूर्ण महादेशहरूमा असर पार्नु तथा द्रुत गतिमा हिँउ पग्लन गई हिमताल विस्फोट हुनु आदि जलवायु परिवर्तनका असरका केही उल्लेखनीय प्रत्यक्ष सूचक मानिन्छन् ।

वातावरण विनाशले निम्त्याएको जलवायु परिवर्तनका असर केवल उल्लेखित घटनाहरूमा मात्र सीमित छैनन् । यसले मानव जनजीवन र सभ्यतामा नै खतरा उत्पन्न गराएको छ । तिब्र मरुभूमिकरणका कारण मानिस लगायत जीव जन्तुसमेत जीविकोपार्जनको खोजिमा अन्यत्र बसाई सर्न बाध्य हुँदै गएका छन् । आफ्नो थातथलो हठात छोडी असुरक्षित एंव असुसूचित ढंगले आप्रवासन गरिदा अनेकौं चुनौतिहरू व्यहोर्नुपर्ने बाध्यताको अलावा सामाजिक, आर्थिक, सांस्कृतिक एंव कानुनी व्यवधानहरूसमेत झेल्नुपर्ने हुन्छ ।

यही परिवेशलाई मध्यनजर गरी इन्हुरेड इन्टरनेशनलले करुणा-सेचेनको आर्थिक एंव प्राविधिक सहयोगमा सानो प्रयास स्वरूप नेपालका हिमाली, पहाडी एंव तराईका विविध जैविक क्षेत्रलाई समेटेर केही जिल्लाहरूमा नमूना परियोजनामार्फत वातावरण संरक्षण र जैविक विविधता सन्तुलनको सेरोफेरोमा समुदाय केन्द्रित कार्यक्रमहरू संचालन गर्दै आएको छ जस अन्तर्गत परियोजनामा प्रत्यक्ष, अप्रत्यक्ष एंव परोक्षरूपमा सहभागिता जनाएका व्यक्ति एंव अन्य सरोकारवालाहरूका विचार, अनुभव र अनुभूतिलाई समेटेर यो पुस्तिका प्रकाशन गरिएको छ जसले समुदायमा संचालित परियोजनाका कार्यक्रमहरूको परिणामलाई एकमुष्ट परावर्तन गरेको छ ।

आशा छ, यस प्रकाशनले परियोजनामा संलग्न सम्पूर्ण सहकर्मी एंव सरोकारवालाहरूको प्रतिनिधिमूलक विचारलाई समेट्दै भावी कार्यक्रमहरूको लागि उचित पथ प्रदर्शन गर्ने मात्र नभई परियोजनाका क्रियाकलापहरूको सवल एंव दुर्वल पक्षलाई उजागर गरी उत्पन्न चुनौतिलाई सामना गर्न सक्ने कौशलता अभिवृद्धि गरी नयाँ अवसरहरको खोजी गर्न सहायकसिद्ध हुनेछ । यो परियोजनालाई सफलतापूर्वक संचालन गरी परिणाममूखी निस्कर्षमा पुर्‍याउन सहयोग गर्नुहुने सम्पूर्ण संस्था एंव व्यक्तिहरूप्रति आभार व्यक्त गर्दछौं । पर्यावरण सन्तुलन खलबलिन नदिई मानव सभ्यता आश्रित नीलग्रहको संरक्षण गर्ने दायित्व वर्तमान पुस्ताको काँधमा आइपरेको छ नत्र भावी पुस्ता विचल्लीमा पर्ने निश्चित छ ।

डा. गोपाल कृष्ण सिवाकोटी
अध्यक्ष

# विषय-सूची


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | परियोजना परिचयात्मक कार्यक्रम | १ |
| २. | नर्सरी अवलोकन तथा अनुभव आदान-प्रदान भ्रमण कार्यक्रम | ४ |
| ३. | पर्यावरण चित्रकला प्रतियोगिता | ८ |
| ४. | फोहोरमैला व्यवस्थापन कार्यशाला | १६ |
| ५. | पर्यावरणीय पद-यात्रा | १९ |
| ६. | वृक्षारोपण कार्यक्रम | २१ |
| ७. | वातावरण संरक्षण अतिरिक्त शिक्षा: प्रशिक्षक प्रशिक्षण | २५ |
| ८. | समुदायमा वातावरण संरक्षण अतिरिक्त शिक्षा | २९ |
| ९. | विपद् व्यवस्थापन: पूर्व तयारी तथा तालिम | ३३ |

# परियोजना परिचयात्मक कार्यक्रम



**अशोक कुमार महतो**
वडा अध्यक्ष (भंगाहा नगरपालिका-४)
महोत्तरी

यस "दीगो जीविकोपार्जन प्रवर्द्धन तथा वातावरण संरक्षणमा दायित्व बोध" परियोजना हाम्रो क्षेत्रमा आएकोमा एकदम खुशी लागेको छ। कार्यक्रम आएपछि हाम्रो समुदायमा वातावरण सम्बन्धि जानकारी गराउनुहुन्छ होला। आज समुदायस्तरमा वातावरण संरक्षण समिति गठन गरिएको छ र यो समितिले राम्रो गर्नेछ भन्ने आशा छ। गठन गरिएको समितिले कागजमा मात्र सिमित नभएर सबै जनाले एकअर्कालाई सहयोग गरी व्यवहारमा पनि लागू गर्नेछ। संस्थाको तर्फबाट चाहिने साथ सहयोग उक्त समितिलाई गर्नुहुन्छ होला र वडाको तर्फबाट गर्ने साथ सहयोग हामी गर्छौं भन्ने प्रतिबद्धता गर्दछु। कार्यक्रम सफल होस् भन्ने आशा गर्दै मेरो दुई शब्द यही समाप्त गर्दछु। धन्यवाद !



**केशव राई**
सचिव (देउसा कृषि वन स्रोत केन्द्र)
सोलुखुम्ब

भौगोलिक विकटताको कारण हामीले जति प्रयास गर्दा पनि कृषि र वातावरण संरक्षणको क्षेत्रमा सोचे अनुरूप प्रभाव देखाउन नसकेको स्थितिमा यस इन्हुरेड इन्टरनेशनलको आगमन पछि अब हामीले कृषि र वातावरणको क्षेत्रमा फड्को मार्ने अपेक्षा राखेका छौं। वातावरण र कृषिको बारेमा हामीसँग हालसम्म जे जति बुझाइ र अनुभवहरू छन् सो बुझाइमा अझ निखारता र स्पष्ट हुने मौका मिल्ने छ। पक्कै पनि संस्था तथा परियोजना संचालन र कार्यन्वयमा कहिलेकाहीँ बुझाइमा फरक आउन सक्छ तर त्यसलाई संवादको माध्यमबाट समाधान गर्दै हामी हातमा हात मिलाएर कृषि र वातावरण संरक्षणको क्षेत्रमा सकारात्मक परिणामहरू ल्याउनसफल होऔं। त्यसमा देउसा कृषि वन स्रोत केन्द्र, गाउँपालिका तथा वडा सदैव तयार छौं।

वातावरण संरक्षणको अभियान हालसम्म पनि हाम्रो समुदाय र समुदायस्तरमा चर्चा र छलफलको विषयवस्तुमा मात्र भएको अवस्थामा यो अभियानले साच्चिकै एउटा मूर्त रूप लिएर पर्यावरणीय सचेतना ल्याउने हामी लगायत सम्पूर्ण देउसा वासीले आशा तथा अपेक्षा गरेका छौँ । यो परियोजना परिचयात्मक कार्यक्रममा संस्थाले जुन अत्याधुनिक ग्रिन हाउस टनेल हामी माझ सहयोग गरेको छ यसले कृषि क्षेत्रमा देउसा समुदायलाई अगाडि लैजाने छ । सो ग्रिन हाउसले स्वस्थ र राम्रो देउसाली माटो सुहाउँदो कृषि बोट तथा बिरुवा उत्पादन तथा विस्तारमा निकै नै टेवा पुग्नेछ ।

अन्त्यमा, संस्थाले त बाटो देखाउने हो, सहजीकरण गर्ने हो तर हामीमा तत्परता भएन भने संस्थाको सम्पूर्ण मिहेनत तथा स्रोत खेर जान्छ । हामीले दृढ अठोटका साथ फेरी पनि भन्छौँ तपाईहरूले प्रदान गर्नुभएको स्रोत र साधनको भरपुर रूपमा सदुपयोग तथा समुदायको हितमा काम गर्नका लागि सदैव तयार रहेको जानकारी गराउँदछु । यो परियोजनाको सफलताको शुभकामना दिँदै धन्यवाद दिन चाहन्छु । यो दुगर्म भेगमा पनि काम गर्नुपर्छ भनी यो स्थानलाई छनौट गरिदिनु भएकोमा संस्थाका जिल्ला सम्पर्क अधिकृत नुतन श्रेष्ठ तथा स्थानीय सम्पर्क अधिकृत लालकाजी श्रेष्ठ ज्यूहरूलाई पनि विषेश धन्यवाद दिन चाहन्छु ।

---



**दिपक कोइराला**
कृषि विज्ञ
सिन्धुली

राम्रो र गुणस्तरीय बिरुवाहरू स्थानीयस्तरमा उत्पादन गर्ने र स्थानीय समुदायलाई नै वितरण गर्ने उद्देश्यका साथ नर्सरीको स्थापना गरिएको हो । बाहिरबाट ल्याइएका बिरुवाहरूमा विभिन्न रोग तथा किराहरू आउन सक्छ साथै बिरुवाहरूको नाममा सोझा साझा किसानलाई मान्छेले झुक्याउन पनि सक्छन् । तसर्थ, हामीलाई आवश्यकता भएको र यहाँको हावापानीमा हुने राम्रा बिरुवाहरू नर्सरीमा ल्याउने र त्यसलाई धेरै बनाएर समुदायमा सुलभ तरिकाले वितरण गर्नका लागि यो नर्सरी स्थापना गरिएको हो जसले आय आर्जन र वातावरणमा समेत टेवा पुऱ्याउँछ ।

इन्हुरेड इन्टरनेशनलले समुदायमा गएर आफ्नो स्रोत, साधन र ज्ञानहरू समुदायलाई दिने हो । नर्सरी स्थानीय समुदाय र स्थानीय सरकारको लागि नै हो । त्यसलाई हामीले संरक्षण गरेर अझ राम्रो बनाउनुपर्छ । बाहिर बिरुवा बेच्दा जुन पैसा आउँछ, त्यो पैसा चाहिँ यही समुदायमा राख्ने र यही समुदायको हितको लागि प्रयोग गर्न सक्छौं । यसबाट अधिक भन्दा अधिक फाइदा स्थानीय तह, वडा र गाउँपालिकाले लिन सक्छन् ।

संस्थाले नर्सरी व्यवस्थापन निर्देशिका पनि तयार गरेको छ । नेपालमा धेरै लामो समयदेखि अध्ययन, अनुसन्धान र व्यवहारमा पनि लागू गरिएको ज्ञान र सीपलाई चित्रसहित यस निर्देशिकामा समावेश गरिएको छ । नर्सरीमा ब्याड कसरी तयार गर्ने, बिउहरू कसरी रोप्ने, थैलाहरू कसरी भर्ने, बिरुवाहरू कसरी सार्ने र त्यसलाई सिंचाई मल तथा व्यवस्थापन कसरी गर्ने लगायतका विषयहरू सम्पूर्ण बिरुवा उत्पादन सम्बन्धि ज्ञानहरू निर्देशिकामा सचित्र राखिएका छन् । विशेषगरी मेरो अनुभवको आधारमा भन्नुपर्दा हामीले परापूर्वकाल देखि विभिन्न बिउ तथा बिरुवाहरू रोपेका छौं । हामीसँग परम्परागत ज्ञान पहिले देखि नै छ र यो कितावमा परम्परागत ज्ञानका साथसाथै आधुनिक ज्ञानहरू पनि थपेर तयार गरिएको छ । सबैभन्दा ठूलो कुरो तपाईहरू समुदायको अनुभव हो । यहाँ कुन ठाउँमा कुन बिरुवा लाग्छ र कुन राम्रो हुन्छ भन्ने कुरा तपाईहरूलाई थाहा छ । यस निर्देशिकाले मात्र अलिकति प्राविधिक ज्ञान थप्छ । त्यसपछि विभिन्न ठाउँका सिकाइहरू र अनुभवहरूसहित म नर्सरी संरक्षकहरूसँग निरन्तर सम्पर्कमा हुन्छु । हामीले जाने बुझेका कुराहरू सिकाउछौं । कुन-कुन बिरुवाहरू लगाउने, कुन बिरुवाहरू यहाँको स्थानीयहरूको माग छ भन्ने कुरा चाहि यहाँहरूको निर्णय अनुसार संस्थाले बिउ बिरुवाहरू उपलब्ध गराउने कार्यक्रम रहेको छ । नर्सरीमा औजार कसरी प्रयोग गर्ने र बिउहरू कसरी राख्ने भन्ने कुराहरूमा म निरन्तर रहनेछु । धन्यवाद !

# नर्सरी अवलोकन तथा अनुभव आदान-प्रदान भ्रमण कार्यक्रम



**एलिसा राई**
नर्सरी संरक्षक
थुलुङ दूधकोशी गाउँपालिका-८, सोलुखुम्बु

नर्सरी अवलोकन तथा अनुभव आदान-प्रदान कार्यक्रम आयोजना गर्नुहुने संस्था लगायतका सम्पूर्ण टोलीलाई विषेश धन्यवाद दिन चाहन्छु । यो अनुभव आदान-प्रदान र नर्सरी अवलोकन कार्यक्रम एकदम जरुरी छ किनभने हामीले जुन तीन जिल्लाको भ्रमण गरेका थियौं ति तीनै ओटै जिल्लाको फरक-फरक हावा पानी छ र त्यही अनुसारको ज्ञान, सीपहरू हामीले सिकेका छौं । कस्तो फलफूल कुन ठाउँमा लगाउने, कुन जातको फलफूल कस्तो ठाउँमा पाइन्छ, ति कुराहरू पनि मेरो लागि सिकाइ भएको छ । त्यसैगरी, मैले नजानेका कुराहरू अन्य जिल्लामा गएर सिकेकी छु र मैले जानेका कुराहरू वहाँहरूलाई पनि बाँडेकी छु । यो मेरो लागि एकदम उपलब्धिमूलक कार्य रहेको छ ।

नर्सरी स्थापना गर्दै जाने क्रममा समस्याहरू त हुन्छ नै तर त्यसलाई समस्याको रूपमा नलिएर कसरी त्यसको समाधान गर्न सकिन्छ भनेर बाटो खोज्दै अगाडि बढ्नुपर्छ । मैले पनि त्यस्तै लक्ष्य लिएर काम गरेकी छु । विशेषतः यो वातावरण संरक्षण सम्बन्धि कार्यक्रम रहेकाले नर्सरीमा विरुवा उत्पादन गर्न जरुरी छ । विभिन्न उन्नत जातका बोटबिरुवाहरू उत्पादन गरेर किसान समुदायमा उनीहरूको माग अनुसार पुऱ्याउन सक्यो भने अझ राम्रो हुन्छ । नर्सरीबाट उत्पादन भएका बोटबिरुवाहरूले वृक्षारोपणमा पनि सहयोग पुऱ्याउँदछ ।

यो कार्यक्रमको उपलब्धि भनेको नै हामीलाई धेरै ज्ञान र सीप दिन सफल भएको छ किनभने निश्चित ठाउँमा मात्र बसेर काम गऱ्यो भने केही पनि थाहा हुँदैन । यसरी अन्य जिल्लामा गएर उक्त ठाउँमा कस्तो हावा पानी छ र कसरी काम गरिरहेका छन् भनेर जानकारी लिन पाउँदा अत्यन्तै राम्रो लागेको छ । यो कार्यक्रम यसरी नै संचालन गर्दै गयो भने अझ राम्रो हुन्छ । हाम्रो लागि विशेष सिक्ने मौका हुन्छ ।

अबको मेरो योजना भनेको नर्सरीलाई कसरी निरन्तर रूपमा अघि लैजाने र समुदायको मागलाई पूर्ति गर्न र त्यही अनुसार नर्सरी उत्पादनलाई बढी जोड दिने रहेको छ । त्यस पछि स्थानीय तहसँग (गाउँपालिका) समन्वय र सहकार्य गरी यो कार्यक्रमलाई

अझ अगाडि बढाउँने योजना रहेको छ। वातावरण संरक्षण सम्बन्धित जस्तै सरसफाई देखि लिएर स्वास्थ्य सम्बन्धि चेतनामूलक कार्यक्रमहरू गर्ने योजना रहेको छ। अन्त्यमा, यो कार्यक्रम निरन्तर लागू भई रहोस् भन्ने अपेक्षा पनि लिएकी छु। म पनि सिक्ने क्रममा नै छु र अझ पनि सिक्ने मौका मिल्ने छ भनी आश लिएकी छु। धन्यवाद !



**मुकुन्द प्रसाद पहाडी**
नर्सरी संरक्षक
गोलन्जोर गाउँपालिका-१, सिन्धुली

हामीले अनुभव आदान-प्रदानको लागि सोलुखुम्बु पुग्दा त्यहाँको भौगोलिक वातावरण र परिस्थिति अनुसार धेरै कुराहरूको ज्ञान प्राप्त गर्‍यौं। त्यहाँ गरिएका वृक्षारोपणको पनि अवलोकन गर्‍यौं। हामीले आफ्नै गाँउ-घरमा उत्पादन गरिएका चीजहरू प्रयोग गर्दा हाम्रो स्वास्थ्यको लागि राम्रो हुने रहेछ भन्ने सन्देश मैले पाएँ। साथै, तीन ओटा जिल्लाको अवलोकन गर्ने क्रममा कस्तो हावा-पानीमा कस्तो बोट बिरुवा लगाउनुपर्छ भन्ने कुराको पनि मैले ज्ञान प्राप्त गरेँ। सोलुखुम्बुमा हामीले बायो-इन्टेन्सिभ विधिबाट (Bio-intensive Method) कसरी ओखरको बीउलाई दल राख्ने भनेर पनि सिक्यौं।

अवलोकनको क्रममा आफ्नै नर्सरीसम्म आइपुग्दा आफूले गरेको कामको स्वयम् मूल्याङ्कन गर्ने र सुधार्ने मौका पाएको छु। अवलोकनमा सँगै गएका साथीहरूले दिनुभएको सुझाव अनुसार सुधार गर्नेछु, जस्तैः बिरुवा रोप्दा अपनाउनुपर्ने दूरी, नर्सरीभित्र भएका बिरुवाहरूको रेखदेख आदि। उक्त सुझावले गर्दा ममा अझ हौसला बढेको पाएको छु।

त्यसैगरी, यात्राको क्रममा महोत्तरीको नर्सरी अवलोकनसम्म आइपुग्दा हामीले उक्त जिल्लामा सोचेको भन्दा अलि कम मिहिनेत भएको हो कि जस्तो लागेकोले त्यहाँका वातावरण संरक्षण समिति र समुदायलाई सर-सल्लाह दिने काम पनि गर्‍यौं। त्यसरी तीन जिल्लाको भ्रमणबाट हामीले भौगोलिक क्षेत्र अनुसार कस्ता बोट बिरुवाहरू लगाउन सक्छौं भन्ने कुराहरूको अनुभव लिन सफल भयौं। यस प्रकारको भ्रमण एकदम जरुरी थियो किनभने हाम्रो कार्यक्रम स्थल तीन ओटा जिल्लामा थियोः हिमाल, पहाड र तराई तर म हिमाल पुगेको थिइन र त्यहाँको वास्तविकताबारे मलाई अनुभव

थिएन । तराईको बारेमा त मलाई धेरथोर अनुभव थियो । हिमालमा कुन बिरुवा लाग्ने हो र मेरो क्षेत्रमा कुन लाग्ने मोटामोटी अनुभव सँगाल्न पाएँ र यो भ्रमण हाम्रो लागि अति आवश्यक पनि थियो । यस भ्रमण तथा नर्सरीको नतिजा तीन वर्षपछि फल फलाएर देखाउने रहेको छ ।

हाम्रो स्थानमा आएर नर्सरीको स्थापना गर्नुभयो त्यसको लागि संस्थालाई धेरै-धेरै धन्यवाद । साथै काम गर्ने क्रममा हुने कमिकमजोरी तथा गल्तीहरूलाई सुधार्नका निम्ति सुझाव दिनुभएकोमा पनि धेरै धन्यवाद । हामीले गरेको कामको पनि एक वर्षपछि मुल्याङ्कन गरिदिएर हामीलाई थप हौसला दिनुभएकोमा संस्थालाई धेरै-धेरै धन्यवाद दिन चाहन्छु ।



## सुशील प्रसाद राम

नर्सरी संरक्षक

भंगाहा नगरपालिका-४, महोत्तरी

यस भ्रमण कार्यक्रमबाट मैले धेरै कुराहरू सिक्ने मौका पाएँ । सोलुखुम्बुमा नर्सरी अवलोकन लगायत बायो-इन्टेन्सिभ विधिबाट ब्याड बनाउने, प्रांगारिक तथा झोल मल बनाउने सिकियो । सिन्धुलीमा बिरुवा रोप्दा अपनाउनुपर्ने दूरी, बिरुवामा किरा वा रोग लागे कसरी उपचार गर्ने, पोलि ब्यागलाई (Polybag) बेला-बेलामा उचाल्नुपर्ने आदि कुराहरू मैले यस भ्रमणबाट सिकें । त्यसपछि हामीले महोत्तरीको नर्सरी पनि अवलोकन गर्‍यौं । महोत्तरीको नर्सरीको सम्पूर्ण रेखदेख मेरो जिम्मामा रहेको छ । अन्य दुई जिल्ला; सोलुखुम्बु र सिन्धुलीको तुलनामा मेरो प्रयास अलि कम भएको महसुस गरेँ । भित्र रहेका बोट बिरुवाहरू पनि सुकेका थिए । मैले नर्सरी बाहिर एउटा पनि बिरुवा रूपेको छैन किनभने घेराबार नलगाएकोले गाई बाख्राले आएर खाइदिन्छन् । त्यही सोचर पनि संस्थाले दिएको बिरुवाहरू मैले बाहिर नलगाएर भित्रै राखेको हो । उक्त बिरुवाहरू ठूलठूला भई सकेका छन् । अब तारबार लगाए पछि म बिरुवाहरूलाई बाहिर लगाउँछु र बाँकी रहेको बिरुवाहरू समुदायमा वितरण गर्ने मेरो योजना रहेको छ ।

म यस भ्रमणबाट सिकेका कुराहरूलाई व्यवहारमा लागू गर्छु । परियोजना पश्चात् पनि म पहिला जस्तो गर्दै थिएँ त्यसरी नै निरन्तरता दिनेछु र काम गरेर पहिला भन्दा राम्रो गर्नेछु ।



## तिलक कुमार राई

वडा अध्यक्ष (थुलुङ दूधकोशी गाउँपालिका-८)
सोलुखुम्ब

म यस इन्हुरेड संस्थालाई विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु किनकि यो भ्रमण कार्यक्रम हुँदै गर्दा हामीले केही सिक्ने मौका पायौं र हामीले पनि यहाँहरूलाई केही दिन पाएका छौँ । यस विषयमा हामी भाग्यमानी ठान्दछौँ । हाम्रो देश नेपाल कृषि प्रधान देश भनिएता पनि अहिले विदेशको भरमा नै हामी रहनुपरेको छ । धेरै कृषि योग्य जमिन भएता पनि करोडौंको आय चाहिँ बाहिर नै गएको हामीले देखिरहेका छौँ । त्यो भोगिरहेका छौँ । यस विषयलाई न्यूनीकरण गर्नका निम्ति इन्हुरेड तथा करुणा-सेचेन संस्थाबाट कार्यक्रम भई रहेको छ । त्यसै सन्दर्भमा हामीले पनि देउसा कृषि वन स्रोत केन्द्रसँग समन्व्य गरेर कार्यक्रम संचालन गरिरहेका छौँ । यो कार्यक्रम कार्यान्वयन हुँदै गर्दा धेरै कृषकहरूले सेवा लिनुभएको छ । फलदायी बिरुवाहरू पनि वितरण भएका छन् । पक्कै पनि तत्कालै कृषकहरूले लाभ लिन नसके पनि भविष्यमा आफ्ना सन्तानहरू सम्मलाई पुग्ने खालका बिरुवाहरू रोपिका छौँ । यस विषयमा फेरि पनि म इन्हुरेडलाई धन्यवाद व्यक्त गर्न चाहन्छु । संस्थासँगको सहकार्यमा यस क्षेत्रमा धेरै चेतनामूलक कार्यक्रमहरू भएका छन् जसले गर्दा विद्यार्थीहरूको पनि क्षमता अभिवृद्धि भएको छ । यस थुलुङ्ग दूधकोशी गाउँपालिका-८, देउसाका कृषकहरू पनि जागरुक भएका छन् । हामीले गरे हुने रहेछ भन्ने कुराको आभास भएको छ । संस्थाले निर्माण गरेको नर्सरी टनेलबाट धेरै नै आम्दानी पनि भएको छ । वातावरण संरक्षण समितिसँगको सहकार्यमा हामीले समुदायसम्म बिरुवाहरू पुऱ्याउने तथा बिक्री वितरण गर्ने गरेका छौँ । यसले गर्दा कृषकहरूको आवश्यकता पनि पूर्ति हुने र समुदायको आर्थिक पक्ष पनि वृद्धि भएको महसुस हामीले गरेका छौँ । विषेशगरी, यहाँहरू धेरै टाढाबाट आउनुभएको छ र यो भ्रमण कार्यक्रम सफल र फलदायी रहोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु । आज मात्र नभएर भविष्यमा पनि हाम्रो राम्रो सम्बन्ध गाँस्ने छ भन्ने कुरा मैले महसुस गरेको छु र आजको हाम्रो भेट अविस्मरणीय होस् भन्ने शुभकामना व्यक्त गर्दै मेरो भनाई यही समापन गर्दछु । धन्यवाद !

# पर्यावरण चित्रकला प्रतियोगिता



**राजेश मानन्धर**
सहजकर्ता

मैले इन्हुरेडसँगको यस किसिमको सहकार्य अहिले मात्र होइन पहिला पनि गरेको हो । तर यस पटकको सहकार्यमा जुन सोलुखुम्बुबाट सिन्धुली हुँदै महोत्तरी सम्म आइपुग्दा अलिक फरक ढंगको पाएँ । यस पटक सहभागीहरूको छनौट पनि राम्रो लाग्यो । अर्को कुरा सहभागीहरूको अनुशासन पनि राम्रो लाग्यो । हामीले जुन किसिमले सिकाउन खोजेका थियौं, जुन किसिमले तयारी गर्नु पर्ने हो, जुन किसिमले सिकाउँदा सहभागीहरूले सहयोग गरे, र जुन हामीसँगै हिँडेका संस्थाका केन्द्रिय, जिल्ला तथा गाउँका प्रतिनिधि साथीहरूले सहयोग गर्नुभयो त्यसले गर्दा यसपालिको कामको राम्रो प्रतिफल आएको मलाई महसुस भएको छ ।

यसपालि हामीले जुन तरिकाले सिकाएर उनीहरूलाई विषयवस्तु बारे बतायौं र विभिन्न सन्दर्भ सामग्रीहरू देखाएर कार्यक्रम गर्दा हामीले खोजेको ९० प्रतिशत जति नतिजा प्राप्त गर्न सफल भयौं जस्तो मलाई लाग्छ । म त्यतिमा पनि एकदम सन्तुष्ट छु किनभने त्यसभित्र पनि सहभागीहरूले पर्यावरण विषय समातेर जुन किसिमको चित्रहरू बनाएका छन् त्यो राम्रो नै भएको महसुस मलाई भएको छ ।

चित्रकलामार्फत वातावरण संरक्षण गर्ने ज्ञान दिन हामी सफल भयौं जस्तो लाग्छ । यदि सहभागीहरूसँग चित्रकला गर्न कुनै पेन्सिल लगायतका सामान छैन भने पनि उनीहरूले वरपर भएका कुनै पनि फालिएका चीजहरू जस्तैः पात, प्लाष्टिक, प्लाष्टिकका बोतल, प्लाष्टिकका कप, काठका टुक्रा आदिलाई पत्रिकामा टाँसेर चित्रकला बनाउने साथसाथै आफ्नो वरपरको वातावरण सफा राख्न सकिन्छ भन्ने सन्देश हामीले तिनै क्षेत्रलाई दिन सफल भयौं । यसले गर्दा उनीहरूले के सिके भने कुनै पनि ठाउँ सफा गर्न चित्रको माध्यमबाट पनि गर्न सकिन्छ भन्ने सन्देश हामीले दिएका छौं ।

चुनौति त जहाँ पनि हुन्छ तर त्यसलाई हामीले फोड्दै जानुपर्छ । सिन्धुली र महोत्तरीको तुलनामा सोलुखुम्बुका प्राय सहभागीहरू न्यून अनुभव भएकाले

विषयवस्तु भन्दा बाहिर गएको र मुख्य विषयवस्तुसम्म ल्याउन धेरै पटक अभ्यास गराउनुपर्‍यो । त्यसको लागि कोलाज आर्ट (Collage Art) गराउन पनि जरुरी थियो । जब फोहोर वस्तुको संकलन गरी अभ्यास गरे त्यसपछि विषयवस्तुबारे बुझ्दै गए । बीच-बीचमा रमाइलो गराउँदै पनि विषयवस्तुबारे जानकारी दियौं । दुई किसिमको सहभागी; अनुभव भएका र नभएकालाई एकै ठाउँमा ल्याउन वास्तवमा चुनौतिपूर्ण हो । तसर्थ, नजान्नेलाई पनि जान्नेको दाजोमा ल्याउन मैले प्रयास गरेँ र म सफल भए भइन भन्ने मूल्याङ्कन हजुरहरूले गर्नुभयो होला ।

हामीसँग समय नै कम थियो किनभने सहभागीहरू तिन-चार घण्टा हिँडेर आउनुपर्ने र उनीहरू कतिको थाकेका छन् हामीले सोधेनौं तथापि थाकेर आएको छ भन्ने हामीले महसुस मात्र गर्न सक्यौं । त्यो वातावरणबाट आएको सहभागीलाई हामीले १० देखि ४ बजेसम्म मात्र गराउन पाएको भए र अलिकति बढी रङहरूसँग खेलाउन पाएको भए यो भन्दा राम्रो नतिजा आउन सक्थ्यो भन्ने मलाई लागेको छ । कहिलेकाहीँ कस्तो हुन्छ भने धेरै चीजहरू खेलाउन दिएर पनि राम्रो नतिजा आउछ भन्ने निश्चय छैन । तथापि, थोरै समयमा पनि हामीले उनीहरू भित्र भएको कलालाई प्रष्फुटन गर्न सफल भयौं ।

प्राय चित्रहरूमा आउने समानताको कुरा गर्नुपर्दा, सँगै बसेर चित्र कोर्दा एकअर्काको प्रभाव आउनु स्वभाविक नै हो तर उनीहरूले प्रयोग गर्ने रङ, मानिसको चित्र बनाउने तरिकामा भने फरक हुन सक्छ ।

---



### नर बहादुर पाखिन

शिक्षा संयोजक (शिक्षा शाखा, भंगाहा नगरपालिका)
महोत्तरी

चित्र बोल्छ ! चित्रले हँसाउछ र चित्रले रुवाउँछ पनि, चित्रले मान्छेको भित्री मनलाई छुन पनि सक्छ, त्यही भएर चित्र बोल्छ ।

चित्रको माध्यमबाट धेरै चीजहरू हामीले झल्काउन सक्छौं । यो कला हो । जसरी आज सहभागी भाइ बहिनीहरूले जुन किसिमको चित्रहरू बनाउनुभयो, त्यो धेरै राम्रो र उपयुक्त थियो । वास्तवमै सबै भाइबहिनीहरूको चित्रकलामार्फत पर्यावरण सम्बन्धि दिन खोजेको सन्देश प्रतिबिम्बित भइरहेको थियो । पर्यावरणमा के कुराले प्रभाव

पारिरहेको छ, कस्तो-कस्तो कुराहरू समेटिएका छन् र के कुराको अभावले के उत्पन्न हुन्छ भन्ने कुराहरू चित्रहरूमा स्पष्ट झल्केको मैले देखेँ । मलाई एकदमै खुशी लाग्यो । यस्तो किसिमको कार्यक्रमहरू चाहिँ नगरपालिकाको शिक्षा शाखामा शिक्षाको क्षेत्रमा हुन अति आवश्यक छ । यस प्रकारको कार्यक्रमले सहभागीहरूको भित्री प्रतिभा प्रस्फुटन गर्ने भएकोले चित्रकला प्रतियोगिता आयोजना गर्नुभएकोमा विशेषगरी आयोजक टिमलाई धेरै-धेरै धन्यवाद दिन चाहन्छु । आगामी दिनहरूमा नगरपालिकाको तर्फबाट पनि यस किसिमका अतिरिक्त क्रियाकलापहरू जस्तै चित्रकलाका साथसाथै अन्य विभिन्न कार्यक्रमहरू पक्कै पनि आयोजना हुनेछ, यसमा म प्रतिबद्धता गर्न चाहन्छु ।

यस पटक संस्थाले यस किसिमको कार्यक्रम लिएर आउनुभयो । यो एउटा नमूना मात्र हो । यसबाट हामीलाई कार्यक्रम यस्तो पनि हुँदोरहेछ, यसरी पनि गर्न सकिने रहेछ र विद्यार्थीहरूमाझ यसरी पनि जनचेतना फैलाउन सकिने रहेछ भनेर हामीलाई सिकाएको छ । यो हाम्रो लागि एक किसिमको चुनौति पनि हो । अब हामीले पनि गर्नुपर्छ भन्ने शुरुवातको चाहिँ ज्ञान संस्थाले दिएको हो र मलाई त्यही लागेर म प्रतिबद्धता गर्छु कि अबको दिनहरूमा पक्कै पनि नगरपालिकास्तरीय कार्यक्रमहरू आयोजना गर्नेछौँ ।

अर्को कुरा, जति पनि भाइबहिनीहरू सहभागी हुनुभयो वहाँहरू सबैको चित्रहरू एकदम उपयुक्त थियो । उपयुक्त हुँदाहुँदै पनि उत्कृष्ट पाँच छनौट गर्ने व्यवस्था भएकोले सहभागी मध्येबाट उत्कृष्ट पाँच छानिएको हो तर त्यसको मतलब अरुको चित्र नराम्रो भनेको भने होइन । जति पनि भाइबहिनीहरू सहभागी हुनुभयो सबैको प्रयास एकदमै राम्रो छ । सहभागी हुनु नै सबैभन्दा ठूलो कुरा हो । आफ्नो कला देखाउन पाइयो । उत्कृष्ट पाँचमा परिन भनेर निराश हुने होइन, उत्कृष्ट पाँचमा पर्न अब के गर्नुपर्छ भनेर बाटो खोज्नुपर्दछ । अझै आफ्नो प्रतिभालाई निखार्दै जानुपर्दछ । त्यसै गरी उत्कृष्ट पाँचमा पर्ने सहभागीहरूले पनि आफ्नो अहमता नदेखाउनु होला किनभने यो त एउटा नगरपालिकास्तरीय प्रतियोगिता मात्र हो । यो भन्दा बाहिर जिल्ला, प्रदेश, सिंगो नेपाल छ र नेपालभन्दा बाहिर विश्व छ । हरेक चित्रहरूले एउटा अवस्था झल्काउने भएकोले अन्तर्राष्ट्रिय प्रतियोगिताहरू पनि हुने गर्दछ ।

चित्र यति धेरै महँगोमा विक्छ, भाइ बहिनीहरूलाई थाहा नहुन सक्छ । करोडौं तिरेर पनि मान्छेले किन्ने गर्छन् । चित्र नै ठूला-ठूला अन्तर्राष्ट्रिय संग्रहालयमा सजाएर राखिन्छन् । चित्रकला सानो कला होइन । त्यही भएर भाइ बहिनीहरूलाई आगामि दिनको लागि शुभकामना व्यक्त गर्दै तथा अन्य टोलीलाई पनि विशेष धन्यवाद व्यक्त गर्दै आजको यो कार्यक्रमलाई यही समापन भएको घोषणा गर्दछु । धन्यवाद !



## सुस्तिका राई

कक्षा-१० (श्री देउसा मा.वि.)
थुलुङ दूधकोशी गाउँपालिका, सोलुखुम्ब

आजको यस "पर्यावरण चित्रकला प्रतियोगिता" मा भाग लिन पाउँदा एकदम रमाइलो लाग्यो । यो भन्दा अघि म अलि सानो हुँदा धेरै चित्रहरू बनाउथैं । अलि ठूलो हुँदै गएपछि पढाइतिर ध्यान दिनुपर्ने भएकोले चित्रहरू बनाउन छोडें ।

यो चित्रकला प्रतियोगितामा भाग लिनका लागि मेरो सरहरूले खबर गर्नुभएको थियो त्यही भएर म आजको यो कार्यक्रममा भाग लिन पाउँदा एकदम खुशी लागेको छ । यस अघि मैलै यस्ता कार्यक्रममा कहिल्यै पनि सहभागी भएको थिइन र खासै अनुभव पनि थिएन । जे होस् सहभागी हुन पाउँदा खुशी लाग्यो । अबको दिनहरूमा म फेरि पनि यसरी नै चित्रहरू बनाउँदै जानेछु र यस्तै प्रतियोगिताहरूमा भाग लिदैं जानेछु ।

आजको यस कार्यक्रमबाट मैले धेरै कुराहरू सिकें, जस्तैः वातावरण सम्बन्धि चित्रहरू कसरी बनाउने र फोहोरबाट पनि राम्रो चित्र कसरी बनाउन सकिन्छ भन्ने कुराहरू थाहा पाएँ । यस अघि वातावरणसँग सम्बन्धित चित्रहरू बनाउनेबारे कल्पना पनि गरेकी थिइन । आजको यो कार्यक्रममा वातावरणबारे सोचें र चित्रहरू कोरें ।

अन्त्यमा, संस्थालाई मेरो सुझाव भनेको अझ बढी सहभागीहरूलाई समेट्न सकियो भने कसले जित्छ होला भनेर अझ धेरै उत्साह हुन्छ । त्यसैले धेरै सहभागीहरूलाई समेट्नु हुन म अनुरोध गर्दछु । धन्यवाद !



## ज्योति कुमारी सिंह

कक्षा-१० (श्री उच्च मा.वि.)
भंगाहा नगरपालिका, महोत्तरी

आजको “पर्यावरण चित्रकला प्रतियोगिता” मलाई धेरै राम्रो लाग्यो। आजको कार्यक्रमको राम्रो पक्ष भनेको हामीले चित्र बनाउन सिक्यौं। समग्रमा कार्यक्रम धेरै राम्रो लाग्यो।

मलाई आफू उत्कृष्ट पाँचमा पर्छु जस्तो त लागेको थिएन तर पनि हुनसक्छु कि जस्तो लागिरहेको थियो किनभने मैले राम्रो कोशिस गरेकी थिएँ। अन्ततः उत्कृष्ट पाँचमा पर्दा धेरै खुशी लाग्यो। यस प्रकारको कार्यक्रम भयो भने फेरि पनि म सहभागी हुनेछु। पहिला म अलि-अलि मात्र चित्र कोर्थें। चित्रकला प्रतियोगितामा सहभागी भएको पनि यो मेरो पहिलो चोटी नै हो।

संस्थालाई मेरो सुझाव भनेको यस प्रकारको कार्यक्रम फेरि पनि संचालन गरिदिनु हुन म विनम्र अनुरोध गर्दछु।

---



## पुष्पाञ्जली राई

कक्षा-८ (श्री देउसा मा.वि.)
थुलुङ दूधकोशी गाउँपालिका, सोलुखुम्बु

यस कार्यक्रममा सहभागी हुन पाउँदा अत्यन्तै खुशी लागेको छ। यो भन्दा अगाडि यस्तो कार्यक्रममा सहभागी भएकी थिइन। यो कार्यक्रम पहिलो पल्ट यस ठाउँमा आएको हो र म यसमा सहभागी हुन पाउँदा निकै खुशी लागेको छ किनभने मैले आज धेरै कुराहरू सिकें। वातावरण संरक्षण गर्नुपर्छ। हामीले फालेका फोहोरहरू एक ठाउँमा राखेर त्यसबाट विभिन्न चित्रहरू बनाउन पनि सक्छौं।

म उत्कृष्ट पाँचमा पर्दा अत्यन्तै खुशी भएकी छु। प्रशिक्षकको भूमिका पनि सबै राम्रो लाग्यो। फालेका फोहोरहरूबाट नयाँ कुरा बनाउन सकिन्छ भन्ने सिकाइ चाहिँ मलाई विशेषगरी आजको कार्यक्रमको राम्रो लागेको पक्ष हो।



## संजल राई

कक्षा-७ (श्री कागेल आधारभूत विद्यालय)
थुलुङ दूधकोशी गाउँपालिका, सोलुखुम्बु

यस अघि म यस्ता चित्रकला प्रतियोगिताहरूमा सहभागी भएको थिइन तर आज भाग लिन पाउँदा रमाइलो भयो । वातावरण सम्बन्धि चित्र बनाउन, फ्याँकेका कुरा तथा फोहोरमैलाहरू टिपेर कलात्मक चित्र बनाउन सकिने कुराहरू सिक्न पाउँदा राम्रो लाग्यो ।

चित्र बनाउने क्रममा अलिक सोच्नुपरेको थियो किनभने यस अघि मैले अभ्यास गरेको थिइन । चित्र बनाउनको लागि संस्थाले दिनुभएको सबै सामग्रीहरू राम्रै लाग्यो । सबै साथीहरू माझ चित्र बनाउँदा रमाइलो भयो ।

---



## सम्झना सिंह

कक्षा-१० (श्री उच्च मा.वि.)
भंगाहा नगरपालिका, महोत्तरी

आजको कार्यक्रम धेरै राम्रो लाग्यो । म भित्रको प्रतिभा देखाउन पाउँदा म धेरै खुशी छु । आफ्नो कला तथा प्रतिभा निरन्तर प्रदर्शन गरिरहनुपर्छ भन्ने कुरा आजको कार्यक्रमबाट मैले सिकेँ ।

चित्र बनाइ रहँदा कसरी जलवायु परिवर्तनबारे बनाउने र कस्तो बनाउँदा राम्रो हुन्छ होला भनेर सोचेँ र जे मनमा आयो त्यसलाई चित्रमा उतारेँ जसको कारण आज म जित्न सफल भएँ । अरु साथीहरू पनि म भन्दा राम्रो हुन सक्छ भनेर म जित्छु या जित्दिन होला भन्ने मनमा डर लागि रहेको थियो तर पुरस्कार जितेपछि अब म यो कलाकारितालाई अगाडि बढाउँछु भन्ने मनमा लाग्यो ।

संस्थालाई मेरो सुझाव भनेको यस प्रकारको कार्यक्रम संचालन गरिरहनुहोस् र हरेक विद्यालयमा पुगेर चित्रकलाबारे विद्यार्थीहरूलाई पनि सिकाउनुहोस् ।

## शिवचन्द्र कार्की

कक्षा-९ (श्री बाल मा.वि.)
गोलन्जोर गाउँपालिका, सिन्धुली



आज यस "पर्यावरण चित्रकला प्रतियोगिता" मा भाग लिन पाउँदा मलाई एकदम खुशी लागेको छ । हामीले चित्रहरू बनाउन सिक्यौं । यस वातावरण सम्बन्धि चित्रहरू कोर्दा वातावरण सम्बन्धि ज्ञान पनि आर्जन गऱ्यौं । आगामी दिनहरूमा पनि यस इन्हुरेड इन्टरनेशनलले हाम्रो विद्यालयमा पनि यस्तै किसिमका कार्यक्रमहरू ल्याउन् भन्ने अपेक्षा गरेको छु । वास्तवमा भन्नुपर्दा आजको कार्यक्रममा हामीले धेरै कुराहरू सिक्न पाएका छौं । हामी यहाँ सिकेका कुराहरू हाम्रो घर-परिवार र विद्यालयका साथीहरू माझ पनि भन्ने छौं ।

प्रतियोगिता हो र प्रतियोगितामा सबैलाई छट्पटाहट त भई हाल्छ र मलाई पनि त्यस्तै भएको थियो । जब म उत्कृष्ट पाँचमा परे तब मलाई एकदम खुशी लाग्यो । मेरो चित्र पनि यति उत्कृष्ट रहेछ भन्ने लाग्यो । चित्रहरू म घरमा पनि बनाइरहन्छु ।

यस संस्थालाई मेरो सुझाव के छ भने आगामी दिनहरूमा पनि यस प्रकारको कार्यक्रम अझै आओस् र हामीले यसमा सहभागी जनाउन पाऔं । धन्यवाद !

---

## सुमित कुमार शाह

कक्षा-९ (श्री उच्च मा.वि.)
भंगाहा नगरपालिका, महोत्तरी



मैले यस कार्यक्रममा सहभागी भएर आफ्नो चित्र कोर्न पाउँदा खुशी लाग्यो । मैले धेरै कुराहरू सिकें जस्तै काम नलाग्ने कुराहरू तथा जतातत्तै फालिएका फोहोरबाट पनि सजावटका सामान बनाएर पुनः प्रयोग गर्न सक्छौं । यसले गर्दा फोहोरमैला पनि कम हुन्छ ।

आज विभिन्न विद्यालयका साथीहरू सहभागी भएर चित्र बनायौं । वहाँहरूबाट मैले पनि केही सिकें र मबाट पनि वहाँहरूले केही सिके होलान् भन्ने आशा छ । म यस

प्रकारको कार्यक्रममा पहिलो चोटि सहभागी भएको हो र म अलि-अलि डराएको पनि थिएँ तापनि मैले चित्र बनाएँ ।



**दिपा कार्की**

कक्षा-९ (श्री बाल मा.वि.)
गोलन्जोर गाउँपालिका, सिन्धुली

मलाई आजको कार्यक्रम राम्रो लाग्यो । अझै पनि यस्ता नयाँ-नयाँ कार्यक्रमहरू आइरहोस् र आफूले पनि आफ्नो कलाहरू प्रस्तुत गरिरहन पाउँ । हाम्रो विद्यालयमा पनि यस्ता कार्यक्रमहरू भइरहोस् । अहिले सम्म यस प्रकारको कार्यक्रम भएको छैन र आज आएर सहभागी हुन पाउँदा राम्रो लाग्यो । फेरि पनि यस्ता कार्यक्रम आइरहोस् भन्ने चाहन्छु ।

आफूले अलि राम्रो प्रस्तुति दिएको भए आफू पनि प्रथम स्थानमा आउन सक्थेँ कि भन्ने लाग्यो । म घरमा हल्का चित्रहरू बनाउने गर्थें । पहिला-पहिला गरिन्थ्यो । विद्यालयमा पनि यस प्रकारको कार्यक्रम भएको भए गरिन्थ्यो होला तर त्यस्तो हुँदैन । त्यही भएर पनि आज अलि-अलि डर लागेको थियो ।

# फोहोरमैला व्यवस्थापन कार्यशाला



**भोज राज कार्की**
प्रशिक्षक
सोलुखुम्बु

फोहोरमैला व्यवस्थापन र यस प्रकारको विषय चुनौतिपूर्ण पनि हुने भएकोले होला स्थानीयको सहभागीता उत्साहजनक थियो । यस प्रकारको कार्यक्रम आवश्यक रहेकोले यसलाई अझै बढाउनुपर्ने र धेरै मानिसहरूमाझ पुऱ्याउनुपर्ने कुराहरू वहाँहरूले राख्नुभएको छ ।

सर्वप्रथम त, फोहोरमैला व्यवस्थापन सम्बन्धि स्थानीयको बुझाई के रहेको छ र वहाँहरूले कसरी गरिराख्नुभएको छ भन्ने कुराहरूलाई विषेश जोड दिँदै कार्यक्रमको थालनी छलफल विधिबाट शुरु गरिएको थियो । त्यसपछि, स्थानीयस्तरमा हुने फोहोर-मैलाहरू के-के हुन्, त्यसका प्रकृति र प्रकार, त्यसको पहिचान कसरी गर्ने र कुन प्रकारको फोहोरलाई पुनः प्रयोग गर्न सकिन्छ र प्रयोग गर्दा कसरी गर्न सकिन्छ, त्यसबाट मानिसले कसरी फाइदा लिन सकिन्छ, फोहोरमैलाको बेफाइदा के हुन सक्छ, सही व्यवस्थापन नगर्दा मानिसको स्वास्थ्य तथा वातावरणमा पर्ने असर के-के हुन् आदि लगायतका विषयमा छलफल गरिएको थियो । त्यसैगरी, कार्यक्रममा सिकेका कुराहरू व्यवहारमा कसरी प्रयोग गर्नुहुन्छ भनेर पनि छलफल गरिएको थियो ।

विशेषगरी, कार्यक्रमको दौरान मलाई लागेको चुनौति भनेको फोहोरमैलाको विषयमा छलफल तथा पहिचान गर्ने कुरा त भयो तर त्यसको व्यवस्थापनको विषयमा चाहिँ न त स्थानीय निकायसँग कुनै नीति छ न त व्यवस्थापन गर्नलाई कुनै निकायहरू नै छन् । उदाहरणको लागि सिसाको बोतल जथाभावी फाल्न नहुने र त्यसलाई पुनः प्रयोग गर्ने कुरा त भयो तर कसरी गर्ने भन्ने कुराहरूको निष्कर्ष चाहिँ निकाल्न सकिएन । उक्त बोतलहरूलाई बाहिर पठाउन सक्छौं या खोज्न आउँछन् होला तर को खोज्न आउँछ, कसरी आउँछ, कहाँ आउँछ, स्थानीयले कसरी संकलन गर्ने, त्यसको माध्यम के-के हुन् भन्ने कुराहरूमा न स्थानीय निकायको कुनै योजना छ न जिल्लामा

त्यस्तो कुनै संघ-संस्था नै छन् र यस बारे अध्ययनको अभाव पनि भएकोले फोहोरमैला पहिचान गर्न सके पनि त्यसलाई उचित व्यवस्थापन गर्न चाहिँ चुनौतिपूर्ण रहेको पाएँ ।

सहभागीहरूले विषेशगरी फोहोरमैलाको पुनः प्रयोग तथा व्यवस्थापन विषयलाई बढी चासो दिएको मैले पाएँ । यस प्रकारको कार्यक्रम आयोजना गर्दा संस्थाले योजना बनाएर संचालन गर्नुपर्ने देखिन्छ जसले गर्दा कार्यक्रम पश्चात् सहभागीहरूले तुरुन्तै व्यवहारमा लागू गर्न सकुन् । कार्यक्रम पश्चात् त्यसलाई तत्कालै लागू गर्नुपर्छ भनेर अभिप्रेरित हुने खालको विषय वस्तुहरू समेट्न सकियो भने अझ राम्रो हुन्छ । जस्तैः एउटा समिति नै बनाएर उनीहरूलाई भूमिका दिनुपर्‍यो र वातावरण सफा राख्न अभियानको रूपमा अघि लाग्नुस् भनेर भन्न सकियो भने अझ राम्रो हुन्छ । अभियानको रूपमा निरन्तर लान सक्यो भने अझ प्रभावकारी हुन्छ ।

समग्रमा सबै राम्रो छ । यो विषयवस्तु एकदमै महत्वपूर्ण छ । जसरी यो कार्यक्रम आयोजना गरिएको छ त्यो एकदमै राम्रो र समय सान्दर्भिक छ । यि कुराहरू सुन्दा सानो जस्तो लाग्छ तर यही सानो कुरामा ध्यान नदिँदा पछि गएर मानव स्वास्थ्य र वातावरणमा ठूलो असर पुऱ्याउँदछ । केही बुझ्ने मानिसहरू छन् तर उनीहरू शहर-बजारमा बस्छन् र गाउँका मानिसलाई यि विषयमा धेरै ज्ञान हुँदैनन् । फोहोरमैलालाई बारीमा फ्याक्छन् तर त्यसले माटोलाई कति असर गरेको छ र हावा पानीलाई कति असर गरेको छ भन्ने कुराहरू बुझ्दैनन् । तसर्थ, यो कुराहरू गाउँ-गाउँमा बुझाउन आवश्यक छ ।



## सावित्री कुमारी सिंह

सहभागी
भंगाहा नगरपालिका-४, महोत्तरी

आजको यस “फोहोरमैला व्यवस्थापन कार्यशाला” मा सहभागी भएपछि मैले वातावरण संरक्षण सम्बन्धि जानकारी पाएँ । यस प्रकारको कार्यक्रम धेरै राम्रो हो र हाम्रो गाउँ, टोल र समाजमा पनि संचालन गरिनुपर्छ । आगामी दिनमा पनि संचालन गर्नुपर्‍यो । जति फोहोरमैलाको व्यवस्थापन गर्न सकियो त्यति नै हामी विभिन्न किसिमका रोग तथा बिमारहरूबाट बच्छौं ।

इन्हुरेड र करुणा-सेचेनका सरहरू आएर हाम्रो गाउँमा यस्तो योजनाहरू बनाउनुभयो त्यसको लागि म तपाईहरूलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । यस प्रकारको कार्यक्रममा यस अघि म सहभागी भएको थिइन । यो नै मेरो पहिलो अनुभव हो । मैले फोहोरमैला व्यवस्थापन तथा सरसफाइबारे जानकारी पाएँ, धेरै खुशी लाग्यो ।

अन्त्यमा, यस प्रकारको कार्यक्रम पटक-पटक चलाइरहनु पर्छ किनभने हाम्रो ठाउँमा मानिसहरू एक पल्ट गरेपछि केही समयसम्म लागू गर्छन र फेरि सेलाउँछन् । त्यसैले यस प्रकारको कार्यक्रम पटक-पटक गर्दा राम्रो हुन्छ ।



## योगराज राई

सहभागी

थुलुङ दूधकोशी गाउँपालिका-८, सोलुखुम्बु

आजको कार्यक्रम एकदम उत्कृष्ट लाग्यो । यो नै मेरो पहिलो अनुभव हो । प्रशिक्षकको भूमिकादेखि लिएर सम्पूर्ण व्यवस्थापन राम्रो लाग्यो । मेरो लागि सबै नै सिकाइहरू महत्वपूर्ण लाग्यो । फोहोरमैलालाई कसरी व्यवस्थापन गर्ने अनि आफ्नो छरछिमेकमा कसरी गराउने लगायतका कुराहरू आजको कार्यक्रमबाट सिकियो । जलाउन मिल्ने फोहोरमैलालाई जलाएर खरानी बनाउने, जलाउन नमिल्नेलाई सही तरिकाले व्यवस्थापन गर्ने, जस्तैः प्लास्टिकजन्य र सिसाजन्य इत्यादि फोहोरहरूलाई व्यवस्थापन गर्न सकिएन भने यसले वातावरणलाई दूषित बनाउछ । त्यसकारण प्लास्टिकजन्य, कागजहरू तथा अन्य गलेर जाने खालका फाहोरहरूलाई प्रकार अनुसार सही व्यवस्थापन गर्नुपर्ने कुराहरू आज सिकियो ।

अवश्य पनि आफूले सिकेका कुराहरू आफ्नो छिमेकी सबैलाई सिकाउनुपर्छ । आज यो कार्यक्रमलाई प्रशिक्षकले मौखिक रूपमा प्रस्तुत गर्नुभयो तर यसलाई प्रोजेक्टरमा देखाउनुभएको भए अझ राम्रो हुन्थ्यो कि भन्ने मेरो भनाई हो ।

# पर्यावरणीय पद-यात्रा



## पुजा कुमारी सिंह
सहभागी
भंगाहा नगरपालिका-४, महोत्तरी

मलाई यस "पर्यावरणीय पद-यात्रा" अभियान एकदम राम्रो लाग्यो । आफ्नो वरपरको वातावरण सधैँ सफा राख्यो भने रोगहरू फैलिँदैन । आफ्नो सुरक्षाको लागि पनि यस प्रकारको कार्यक्रम राम्रो र जरुरी लाग्यो ।

यस अघि मैले यस्तो प्रकारको अभियानमा सहभागी भएकी थिइन । मलाई यो अभियान एकदम मन पर्‍यो । यस अभियानबाट मैले आफ्नो स्वास्थ्य सुरक्षाको लागि वरपरको वातावरण सफा राख्नुपर्छ भन्ने कुरा बुझेँ ।



## रन्जु कुमारी महतो
सहभागी
भंगाहा नगरपालिका-४, महोत्तरी

कार्यक्रम एकदम राम्रो लाग्यो । यस अघि मैले यस्तो अभियानमा कहिल्यै पनि सहभागी भएकी थिइन । आज सिकेका कुराहरू अब म व्यवहारमा लागू गर्नेछु । आफ्नो वरपर सरसफाई गर्नेछु ।



## रोशन खड्का
सहभागी
थुलुङ दूधकोशी गाउँपालिका-८, सोलुखुम्बु

आजको यस "पर्यावरणीय पद-यात्रा" अभियान मलाई राम्रो तथा प्रभावकारीमूलक लाग्यो । आज भन्दा पहिला म यसरी प्रत्यक्ष रूपमा यस प्रकारको पद-यात्रामा सहभागी भएको थिइन । यो नै मेरो पहिलो अनुभव हो ।

यस अभियानको महत्वपूर्ण सिकाई भनेको वातावरणमा रहेका र मानव जीवनसँग प्रत्यक्ष रूपमा जोडिएका कुरा जस्तै फोहोरमैलालाई सामूहिक रूपमा व्यवस्थापन गरिएको थियो र यो अभियान एकदम प्रभावकारी पनि लाग्यो । पद-यात्राको क्रममा हामी जहाँसम्म पुग्यौं त्यहाँसम्मका सडक, बाटा मुनि र माथि र घर वरपरका फोहोर टिप्दै, त्यसको सही व्यवस्थापन गर्दै अभियानलाई समापन गरिएको थियो । यस प्रकारको अभियानले घर, समाज र टोलमा हामीले पनि गर्नुपर्ने रहेछ है भन्ने एक खालको धारणामा परिवर्तन आउने भएकोले यस्तो कार्यक्रम आवश्यक लाग्यो ।

हामीले जुन वातावरण संरक्षणका कुरा गऱ्यौं त्यसलाई व्यवहारमा पनि लागू गरेका थियौं र मलाई यस अभियानको यही पक्ष सबैभन्दा राम्रो लाग्यो । संस्थालाई मेरो सुझाव भनेको यस प्रकारको अभियान वर्षायाम भन्दा अघि या पछि संचालन गर्दा अझ प्रभावकारी हुन्छ । आज पानी परेको कारण हामी भिजेका थियौं र अभियानलाई असर गरेको थियो जसले गर्दा हामीले पूर्ण रूपमा समय दिन सकेका थिएनौं ।

# वृक्षारोपण कार्यक्रम





## यम बहादुर विश्वकर्मा

सहभागी (प्रधानाध्यापक- श्री दूधकौशीका मा.वि.)
थुलुङ दूधकोशी गाउँपालिका-८, सोलुखुम्बु

यस वृक्षारोपण कार्यक्रममा सहभागी हुन पाएकोमा अत्यन्तै खुशी व्यक्त गर्न चाहन्छु । यस्तो महामारी तथा बर्खा जस्तो विषम परिस्थितिको बीचमा पनि हाम्रो यस सोलुखुम्बुको विकट क्षेत्रमा आउनु हुने इन्हुरेड इन्टरनेशनलका सम्पूर्ण टोलीलाई धन्यवाद दिन चाहन्छु । यहाँहरूले माया गरेर यस क्षेत्रको केही प्रगति र उन्नति गराउनका निमित्त आज भन्दा धेरै अगाडिदेखि नै लागिरहनु भएको छ, त्यसमा फेरि पनि देउसावासीको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट पनि यहाँहरूलाई आभार व्यक्त गर्न चाहन्छु ।

हामीले भोलिको पुस्ताको निमित्त भनेर बिरुवाहरू रोप्नु भनेको अत्यन्तै राम्रो कुरा हो । एउटा जीवनसँग जोडिएको कुरा नै हो । हाम्रो जीवन जहिले पनि अक्सिजनदेखि लिएर हरेक कुराहरू जस्तैः बास, गाँस र कपासका निमित्त वन तथा बिरुवाहरूसँग नै जोडिएका हुन्छन् । तसर्थ, हामीले यस्ता वृक्षारोपणका कार्यक्रमहरूलाई सदा सघाउनुपर्छ । आज छोटो तर अत्यन्तै मीठो कार्यक्रम संचालन भएको छ । यसमा विद्यार्थी लगायत सम्पूर्णलाई सहभागी गराई बिरुवा र आफ्नो जीवनको अन्तर सम्बन्धको विषयमा पनि यसले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ भन्ने मैले महसुस गरेको छु । आउने दिनमा पनि यस्ता कार्यक्रमहरूलाई निरन्तर अगाडि बढाउन पाइयोस् भन्ने अपेक्षा राख्दै मेरो दुई शब्द यही अन्त्य गर्न चाहन्छु । धन्यवाद !

---



## सुस्मिता रसाइली

सहभागी (कक्षा-९, श्री दूधकौशीका मा.वि.)
थुलुङ दूधकोशी गाउँपालिका-८, सोलुखुम्बु

मलाई आजको कार्यक्रम एकदम रमाईलो लाग्यो । म यस सोलुखुम्बुमा आएर पढ्न थालेको २/३ वर्ष हुँदैछ । पहिला म खोटाङ्गमा पढ्थे र सरहरूले कहिलेकाहीँ यस्ता कार्यक्रमहरूमा लैजानुहुन्थ्यो । खासै त्यस्तो रमाईलो

अचानक सरले सहभागी हुनलाई भन्नुभएको थियो । रमाईलो हुन्छ होला भन्ने लागेको थिएन । कार्यक्रममा सहभागी हुने मात्र त होला भन्ने लागेको थियो र आइयो, बिरुवाहरू रोप्न पाइयो, टाढाका व्यक्तिहरूसँग भेट भयो, धेरै नै खुशी लागेको छ । हामीलाई अलि अगाडिदेखि नै खबर गरेर अझ धेरै सहभागीलाई समावेश गर्न सकेको भए अझ राम्रो हुन्थ्यो ।

आज मलाई सबै भन्दा राम्रो लागेको चाहिँ बोट बिरुवा रोप्न पाइयो त्यसमा धेरै खुशी लागेको छ । आज हामीले बिरुवाहरू पनि प्राप्त गरेका छौं । अब म यसलाई लगेर रोप्छु, सिँचाईको कमी हुन दिन्न, मलको कमी हुन दिन्न र यसबाट अरु बोटहरू पनि उत्पादन गर्छु ।

---



## जय प्रसाद राई

सहभागी

थुलुङ दूधकोशी गाउँपालिका-८, सोलुखुम्बु

आज यो वृक्षारोपण कार्यक्रम बडो चुस्त-दुरुस्त तरिकाले सम्पन्न भयो । एकदम व्यस्त समयमा पनि सम्पूर्ण क्षेत्रका साथीहरू तथा व्यक्तिहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न भयो । मलाई ज्यादै खुशी लाग्यो । म आफू पनि यो कार्यक्रममा सहभागी हुन पाएकोमा खुशी छु । कार्यक्रमबारे मैले आज बिहान मात्र थाहा पाएँ । हिजो थाहा भएको भए म पनि केही सहयोग गर्थें ।

भाग्यवश, आज सबैसँग भेट भयो । यस क्षेत्रलाई उत्थान गर्नका निम्ति, यहाँका कृषकहरूलाई विभिन्न बोट बिरुवाहरूको बारेमा जानकारी गराउन तथा वातावरण सम्बन्धि जानकारी गराउन इन्हुरेड तथा करुणा-सेचेन संस्था त्यति टाढाबाट आउनुभयो, त्यसको लागि म वहाँहरूलाई हृदयबाट आभार व्यक्त गर्न चाहन्छु ।

हामीले आज करिब २,००० बोट बिरुवाहरू रोप्यौं । कुनै चीजको सुरुवात मात्र ठूलो कुरा होइन र रोप्न मात्र ठूलो कुरा होइन । त्यसलाई कसरी सिँचाई गर्ने, कसरी बढाउने र कसरी संरक्षण गर्ने चाहिँ ठूलो कुरो हुन्छ । पहिला पनि बिरुवाहरू रोपिएका थिए तर अहिले छैन भनेर अघि यहाँ एक जना दाइले भन्नुभयो । फेरि आज रोप्यो भोलि छैन भने त यसको कुनै अर्थ रहँदैन । त्यसकारण यसको कसरी संरक्षण गर्ने भन्नेमा हामीले जोड दिनुपर्छ । संस्थाको देउसा कृषि वन स्रोत केन्द्रसँग समन्वय

गरेर संरक्षण गर्ने कुनै योजना छ कि ? जुन क्षेत्रमा हामीले वृक्षारोपण गऱ्यौं, त्यसमा तारबार लगाउने हो कि ?

तपाई हामीले आज ठूलो काम गरियो । यो शुरुवात नै सबैभन्दा ठूलो कुरो हो तर यो नै हाम्रो अन्तिम लक्ष्य होइन । उक्त बिरुवाहरूलाई बढाएर त्यसबाट प्रतिफल हामीले लिने हो । जनु दिन यसले हामीलाई प्रतिफल दिन्छ त्यस दिन हामी सफल भएको ठान्छौं । त्यसकारण, यस खहरे क्षेत्रलाई कसरी संरक्षण गर्ने, सिँचाईको कसरी व्यवस्था गर्ने भन्ने कुरामा चाहिँ जोड दिनु होला भन्ने यहाँ उपस्थित सबैमा मेरो अनुरोध छ । जसरी हामी छोटो समयमा उपस्थित भएका छौं म खुशी भएको छु । यहाँहरू सबैलाई धन्यवाद दिँदै मेरो शब्द यही समाप्त गर्छु । धन्यवाद !



## दिल बहादुर राई

सहभागी

थुलुङ दूधकोशी गाउँपालिका-८, सोलुखुम्बु

आ-आफ्नो क्षेत्रबाट पाल्नुभएका सबै सहभागीहरूलाई धन्यवाद । केन्द्रबाट पाल्नुभएका सम्पूर्ण टोलीलाई विशेष धन्यवाद । यो मरुभूमिस्थललाई हरियाली बनाउनका लागि यहाँहरू आउनुभयो, हामीलाई सहयोग गर्नुभयो यसमा वहाँहरूलाई आभार व्यक्त गर्दछौं । फेरि पनि देउसामा फर्किने शर्त अनुसार हामी सबैलाई सहयोग गर्नुहुन्छ भन्ने आशाको साथ हामी सधैं सम्झिरहन्छौं । धन्यवाद !



## बेथमाया राना मगर

सहभागी

गोलन्जोर गाउँपालिका-१, सिन्धुली

आज वृक्षारोपण गर्दा मलाई एकदम रमाईलो लाग्यो । मैले ६ ओटा बिरुवाहरू रोपेँ । यस अघि वृक्षारोपण कार्यक्रममा भाग लिएकी थिइन । यो नै मेरो पहिलो अनुभव हो । यस प्रकारको कार्यक्रम एकदम जरुरी छ जस्तो लाग्छ किनभने खाली जमिन या घारीहरू बनाएर राख्नु भन्दा बिरुवाहरू रोप्दा राम्रो हुन्छ । संस्थाले आगामि दिनमा पनि अझ धेरै र राम्रा बिरुवाहरू ल्याएर लगाउनु पाए राम्रो हुन्छ ।



## बबिता लामिछाने

सहभागी
गोलन्जोर गाउँपालिका-१, सिन्धुली

मलाई आजको वृक्षारोपण कार्यक्रम धेरै राम्रो लाग्यो । तपाईहरूले राम्रो-राम्रो कार्यक्रम ल्याई दिनुभयो त्यसको लागि धन्यवाद । अघि पनि हामीले वृक्षारोपण गऱ्यौं र तपाईहरूले आज ल्याउनुभएको फलफूलका बिरुवाहरू पनि हामी रोप्छौं । हामी उक्त बिरुवाहरू हुर्काएर, बढाएर र फलाएर हजुरहरू फेरि आगामी दिनमा आउनु हुँदा देखाउनेछौं । इन्हुरेड संस्थाले दिएको बिरुवाहरू हामी हुर्काउछौं र अरुलाई पनि देखाउनेछौं ।

यस अघि मैले वन वृक्षारोपण कार्यक्रम अर्न्तगत बाँस रोप्ने कार्यक्रममा भाग लिएकी थिएँ । मलाई वृक्षारोपण जस्तो कार्यक्रम जरुरी छ जस्तो लाग्छ किनभने खाली जग्गाहरूमा बिरुवाहरू रोप्दा जग्गाको सदुपयोग हुने भयो, मान्छेहरूले रोजगारी पाउने भए र फलफूलहरू आफैंले फलाएर खान सक्ने भए ।

यस संस्थाले धेरै राम्रो काम गर्दै आइरहेको छ । हामीलाई बोट बिरुवाहरू ल्याई दिनुभयो । भोलिका दिनमा हामी फलाउछौं, उत्पादन गर्छौं र यसैले जीविकोपार्जन गर्छौं ।

# वातावरण संरक्षण अतिरिक्त शिक्षाः प्रशिक्षक प्रशिक्षण



**यम बहादुर विश्वकर्मा**
सहभागी (प्रधानाध्यापक- श्री दूधकौशीका मा.वि.)
थुलुङ दूधकोशी गाउँपालिका-८, सोलुखुम्बु

यो वातावरण संरक्षण सम्बन्धि प्रशिक्षक प्रशिक्षण अत्यन्तै राम्रो लाग्यो । तालिम सम्बन्धमा मेरो अनुभव भन्नुपर्दा हामी यो पृथ्वीमा रहेका छौँ र यो पृथ्वीमा रहनु भनेको नै आमाको काखमा जसरी बाल्यकालमा रहन्छौँ त्यसरी नै रहनु सरह हो । हामी बाल्यकालमा हुँदा आमाको काखमा फोहोरमैला गरिएको जस्तो अनुभूति यो तालिमले मलाई गराएको छ । आमाको काखबाट हुर्कंदै गएपछि आमाको काखमा फोहोरमैला गर्नु चाहिँ बेकार रहेछ, अलिकति चेतना नआएको रहेछ, हामी बस्ने आफ्नो वातावरणलाई विभिन्न मानव क्रियाकलापबाट दूषित बनाइरहेका रहेछौँ, यसले गर्दा वातावरण प्रदुषण र फोहोर भइरहेको रहेछ भन्ने मलाई महसुस भएको छ । वातावरण सफा र हराभरा बनाउनका लागि जिम्मेवार व्यक्ति हामी स्वयः मानिस नै हौँ । मानव चेतनशील प्राणी भएको हैसियतले वातावरण संरक्षण र संवर्द्धन हामी भन्दा अरुले गर्ने विकल्प नै छैन । तालिममा सिकाएका कुराहरूलाई अक्षरअंश हामी संस्थाले तोकिएको आफ्नो ठाउँमा संस्थाको उद्देश्यलाई थप टेवा पुऱ्याउने र जिम्मेवारी वहन गर्नेछौँ ।

यो भन्दा अगाडि मैले धेरै ओटा तालिम लिएको थिएँ र मलाई के लाग्छ भने मान्छेको सिकाइको प्रक्रिया कहिले पनि अन्त्य नहुने रहेछ । एउटा सिकियो फेरि अर्को सिकाइको अवसर निरन्तर रूपमा आइरहँदो रहेछ । तालिमको शिक्षण विधि असाध्यै राम्रो लाग्यो । म शिक्षण पेशामा लागेको ८ वर्ष भयो तर अझै पनि म पोख्त भएको रहेनछु । शिक्षण पेशाको लागि जो विभिन्न विधिहरू अवलम्बन गर्न म असक्षम रहेछु भन्ने कुरा मैले अनुभव गरेको छु र धेरै कुराको ज्ञान लिएको छु जस्तो सहभागीहरूलाई एउटा माटोको भाँडोको रूपमा शिक्षकले लिनुपर्ने रहेछ । उनीहरूलाई जस्तो आकार दिन सक्नको लागि आफै वफादार रहनु पर्दोरहेछ । आफै क्रियाशील रहनु पर्दोरहेछ भन्ने कुरा मैले यो तालिमबाट महसुस गरेको छु । पाँच दिने तालिमको गतिविधिलाई हेर्दा विभिन्न नयाँ नयाँ कुराहरू, कथाहरू, छलफलका विधिहरू, खेलहरू आदिको अनुभव लिन पाएँ । यि कुराहरूलाई मैले अझै थप आफ्नो ठाउँमा लिएर जानेछु ।

यसका लागि प्रशिक्षक रमेश पौडेल सरलाई हृदयदेखि नै मेरो विद्यालय तथा व्यक्तिगत तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यसका साथसाथै संस्थालाई पनि म धेरै-धेरै नमन गर्न चाहन्छु ।

---



## पेशल कुमार न्यौपाने

सहभागी (शिक्षक- श्री कामदा मा.वि.)
गोलन्जोर गाउँपालिका-१, सिन्धुली

मलाई यो पाँच दिने "वातावरण संरक्षण अतिरिक्त शिक्षा: प्रशिक्षक प्रशिक्षण" अत्यन्तै उपयोगी र महत्वपूर्ण लाग्यो किनकि अहिलेको विश्वको बदलिदो परिवेश अनुसारको र हाम्रो देशको वातावरणको स्थितिमा सुहाउदो र समय सापेक्ष छ । मैले ठ्याक्कै यही जलवायु परिवर्तन र वातावरण सम्बन्धि तालिम त लिएको थिएन तर अन्य तालिम भने लिएको थिएँ ।

तालिमका विषयवस्तु समय सान्दर्भिक र उद्देश्यमूलक थियो । प्रशिक्षकको शब्द र विधि एकदम सरल र प्रशिक्षकले सहभागी केन्द्रित विधिहरू प्रयोग गर्नुभएको अत्यन्तै राम्रो थियो ।

यस कार्यक्रममा सहभागी भएपछि ममा धेरै परिवर्तनहरू आएँ । मैले नसोचेका विषयवस्तुहरू, विधिहरू, खेलहरू खेलाउने तरिकाहरू र प्रशिक्षण गर्ने तरिकाहरू अन्तको भन्दा बिल्कुल फरक पाएँ । अर्को कुरा, यस पर्यावरण, पारिस्थितिक प्रणाली, उपभोक्ता जस्ता विषयहरूमा ज्ञान आर्जन गरियो । मेरो दिनदिनै, हिजो भन्दा आज र आज भन्दा भोलि भएर आत्मविश्वास बढ्यो र अगाडि गएर प्रस्तुति गर्न सक्ने पनि भइयो । हुन त मान्छे कहिले पनि ज्ञानले पूर्ण हुन सकिँदैन तर पनि मलाई विश्वास छ म आफ्नो ठाउँमा गएर प्रशिक्षण गराउन सक्छु । अबको मेरो पहिलो योजना भनेको कार्य योजना अनुसार काम गर्ने । दोस्रो कुरा, आफ्नो व्यक्तिगत रूपमा घर वरपरको वातावरण सफा राख्ने र वृक्षारोपण गर्ने रहेको छ । एक दुई ओटा बिरुवा रोपेर म पहिले आफूबाट शुरु गर्छु र अन्त पनि यो सन्देश फैलाउने काम गर्छु ।

संस्थाको लागि मेरो सुझाव भनेको सहभागी संख्या बढाउन पाए राम्रो हुन्थ्यो । एउटै प्रशिक्षकद्वारा अलि धेरै जना सचेत हुने थियो ।



## संगिता सिंह

सहभागी
भंगाहा नगरपालिका-४, महोत्तरी

समग्रमा यो तालिम मलाई अति नै राम्रो लाग्यो । यो तालिमको शिक्षण विधि मलाई एकदमै राम्रो लाग्यो । मलाई विश्वास छ म मेरो ठाउँमा गएर वातावरण संरक्षण अतिरिक्त शिक्षा संचालन गर्न सक्छु । यस तालिमबाट मैले धेरै कुराहरू पनि सिकेँ । वातावरण संरक्षण सम्बन्धि त तालिम लिएको थिइन तर यो समुन्नत जीवनयापन छनौट कार्यक्रम अन्तर्गत प्रशिक्षक प्रशिक्षण भने लिएकी थिएँ । मैले यस तालिमबाट वातावरण संरक्षण सम्बन्धि आफूले थाहा नभएका धेरै कुराहरू पनि थाहा पाएँ ।

प्रशिक्षक रमेश पौडेल सरले सिकाएको विधि अनुरूप प्रशिक्षण गऱ्यो भने एकदम प्रभावकारी हुन्छ भन्ने मलाई लाग्छ । अबको मेरो योजना भनेको कार्यक्रमबारे वडा अध्यक्षलाई जानकारी गराउने र कक्षा संचालनको लागि सहभागी छनौट गर्न बैठक बस्ने रहेको छ ।



## चन्द्र प्रसाद पहाडी

सहभागी (स्थानीय सम्पर्क अधिकृत)
गोलन्जोर गाउँपालिका-१, सिन्धुली

म अहिले इन्हुरेडको स्थानीय जनसम्पर्क अधिकृतको रूपमा सिन्धुलीमा कार्यरत रहेको छु र अन्य कार्यहरू पनि संस्था अन्तर्गत सूचारु गरिरहेको छु । मैले यस पाँच दिने तालिममा सहभागी भएपछि वातावरण संरक्षणका विषयमा आफ्नो ज्ञान बढाउनुका साथै आफ्नो जिल्लामा गएर पाँच महिने वातावरण संरक्षण अतिरिक्त शिक्षा संचालन गर्नका निम्ति निभाउनुपर्ने आफ्नो भूमिकाबारे पनि बुझेँ ।

प्रशिक्षक रमेश सरले एकदम सहजपूर्ण ढंगले विषयवस्तुहरू सिकाउनुभयो । हामीले गर्नुपर्ने कामहरूलाई उत्साहपूर्ण तरिकाले र भरपुर मनोरन्जनका साथ सिकाउनुभयो । यस तालिममा सहभागी हुन अघि के-कति बोल्नुपर्छ भन्ने मलाई

अनुभव थिएन र तालिम पश्चात् आफूले मनमा लागेको कुरा एकदम स्पष्ट भएर व्यक्त गर्नुपर्छ भन्ने मेरो सिकाइ रहयो ।

यस प्रकारको तालिम लिने अवसर पाएको थिइन त्यसको लागि संस्थालाई धेरै-धेरै धन्यवाद । आगामी दिनमा संस्थाले यस्तै प्रकारको तालिम आयो भने हामीलाई सहभागी गराउनुहुन्छ भन्ने अपेक्षा राखेको छु ।



## एलिसा राई

सहभागी (नर्सरी संरक्षक)
थुलुङ दूधकोशी गाउँपालिका-८, सोलुखुम्बु

म यस इन्हुरेड संस्थामा नर्सरी संरक्षकको रूपमा कार्यरत छु । यो तालिम एकदम उपलब्धिमूलक र अहिलेको समय सान्दर्भिक पनि छ किनभने जलवायु परिवर्तनको असरहरू हामी देखिरहेका छौं । यो कार्यक्रम अहिले संचालन गर्दा एकदम राम्रो लाग्यो ।

यस प्रकारको तालिममा सहभागी भएको यो मेरो पहिलो अनुभव हो । तालिमको पहिलो दिनमा चाहिँ एकदम डर लागि रहेको थियो । कसरी बोल्ने र के सोध्छन् होला भनेर एकदम डर लागेको थियो । सहभागी भएपछि प्रशिक्षक पनि एकदमै राम्रो र सहभागीतालाई प्रोत्साहन गर्ने खालको हुनुहुन्थ्यो । त्यसपछि दोस्रो र तेस्रो दिन क्रमश: एकदमै रमाइलो लाग्यो । समग्रमा, तालिम उपलब्धिमूलक, व्यवहारिकपूर्ण, सीपमूलक र ज्ञानवर्द्धक लाग्यो ।

सिकाएकोमध्ये प्रशिक्षकले प्रयोग गर्नुभएको विधि एकदमै राम्रो लाग्यो । आगामी दिनहरूमा पनि यस्तै अवसरहरू हामीलाई दिनुभयो भने राम्रो हुन्छ । चेतनामूलक कार्यक्रमहरूलाई संचालन गर्दै अनि सहभागीहरूलाई यसरी प्रोत्साहन दिएर गऱ्यो भने एकदम राम्रो हुन्छ । धन्यवाद !

# समुदायमा वातावरण संरक्षण अतिरिक्त शिक्षा



**सुस्मिता रसाइली**
सहभागी (कक्षा-९, श्री दूधकौशीका मा.वि.)
थुलुङ दूधकोशी गाउँपालिका-८, सोलुखुम्बु

समग्रमा वातावरण संरक्षण अतिरिक्त शिक्षा राम्रो लाग्यो । यस कार्यक्रमबाट मैले वातावरण प्रदूषण गर्नुहुँदैन भन्ने कुरा सिकेँ । हामीले वातावरण फोहोर गर्नुहुँदैन, जथाभावी प्लास्टिक फाल्न हुँदैन, बोट बिरुवाहरू काट्न हुँदैन आदि कुराहरू कार्यक्रमबाट सिक्यौँ । हामीले बोट बिरुवाहरू रोप्नु पर्छ । आफ्नो वरपरको क्षेत्रमा फोहोरमैला भए सफा गर्नुपर्छ र समाजमा पनि यस्ता कुरा सिकाएर व्यवहारमा लागू गर्नुपर्छ ।

मलाई कार्यक्रमको सत्र-७ मन पर्‍यो किनभने वन संरक्षण र वृक्षारोपणका कारण हाम्रो वातावरणमा प्रदूषण हुँदैन, बाढी पहिरो जाँदैन साथै मानिसलाई विभिन्न प्रकारको रोग लाग्दैन । त्यसैले मलाई वन संरक्षण र वृक्षारोपण पाठ मन पर्‍यो । मलाई हाम्रो प्रशिक्षक याम सरको पढाउने विधि नै राम्रो लाग्यो ।

यस अघि इन्हुरेड इन्टरनेशनलले नै संचालन गरेको वृक्षारोपण र फोहोरमैला व्यवस्थापन कार्यक्रममा सहभागी भएकी थिएँ ।



**अदिक्षा मगर**
सहभागी (कक्षा-९, श्री दूधकौशीका मा.वि.)
थुलुङ दूधकोशी गाउँपालिका-८, सोलुखुम्बु

समग्रमा वातावरण संरक्षण अतिरिक्त शिक्षा मलाई अति राम्रो लाग्यो किनकि यसबाट मैले वातावरण भनेको के हो, वातावरण प्रदूषण कसरी हुन्छ र यसका रोकथाम के-के हुन् भन्ने जस्ता कुराहरू सिकेँ । वास्तवमा यो वातावरण संरक्षण अतिरिक्त शिक्षा अति नै आवश्यक छ किनभने यस शिक्षाले मानिस तथा जीवजन्तुको जीवन बचाउन मूल प्रेरणा दिइरहेको छ । मानिसदेखि लिएर बोटबिरुवा

तथा जीवजन्तु सबैमा वातावरण संरक्षण अतिरिक्त शिक्षा आवश्यक छ । म यस वातावरण संरक्षण अतिरिक्त शिक्षाबाट सिकेका कुराहरूलाई वृक्षारोपण गरेर, घर वरिपरि विभिन्न प्रकारका वातावरण संरक्षण सम्बन्धि केही झलक झल्काउने वस्तुहरूको उपयोग गरेर आफ्नो व्यवहारमा लागू गर्नेछु ।

मलाई सत्र-८ को वन संरक्षणमा वृक्षारोपण भन्ने विषय मन पर्‍यो किनभने वन्यजन्तु हाम्रो लागि जरुरी छ । मानिस बाँच्नको लागि पनि वन जंगलको आवश्यक पर्छ । यस पाठ अन्तर्गत् वन संरक्षणका फाइदाहरूको बारेमा जानकारी दिइएको छ । मानिस बाँच्नका लागि वातावरण चाहिन्छ । यदि वनजंगल भएन भने हामीलाई अति आवश्यक अक्सिजनको अभाव हुन्छ त्यसैले मलाई वन संरक्षणमा वृक्षारोपण मन पर्‍यो । प्रशिक्षकको पढाउने विधि एकदम ठिक लाग्यो । वहाँले सबै राम्ररी बुझाएरै पढाउनुहुन्छ ।

यस अघि यस प्रकारको कार्यक्रममा भाग लिएकी थिइन र यस्तो कार्यक्रम संचालन भएको पनि थाहा छैन । इन्हुरेड इन्टरनेशनलले यस विद्यालयमा जस्तै अरु विद्यालयमा पनि वातावरण संरक्षण अतिरिक्त शिक्षा संचालन गरी वातावरण संरक्षण र वातावरण प्रदूषणको बेफाइदाबारे प्रस्ट्याउन भन्ने सुझाव छ ।

---



**अमृत बाबु वि.क.**
सहभागी (कक्षा-१०, श्री दूधकौशीका मा.वि.)
थुलुङ दूधकोशी गाउँपालिका-८, सोलुखुम्बु

वास्तवमा भन्नुपर्दा वातावरण संरक्षण अतिरिक्त शिक्षा मलाई असाध्यै राम्रो लाग्यो किनभने अहिलेको समयमा वातावरणमा धेरै समस्याहरू आइरहेको हुँदा यो शिक्षाले हामीलाई वातावरणमा सुधार ल्याउन ठूलो मद्दत पुगेको छ । मैले यो शिक्षाबाट प्राप्त गरेको ज्ञान भनेको हामीले वनजंगललाई आफ्नो स्वास्थ्यलाई जस्तै मानेर जोगाउने, वनजंगलबाट एउटा रुख काट्यो भने त्यसको दोब्बर रोप्ने, हामीले प्रयोग गरेको सामग्रीबाट निस्केको फोहोरलाई जथाभावी नफाल्ने र पुनः प्रयोग गर्न मिल्नेलाई प्रयोग गर्ने र कुहिने र नकुहिने फोहोर छुटाएर व्यवस्थापन गर्ने आदि । म सबैलाई आफूले जानेको कुरा सिकाउँछु । सबैलाई वातावरण नभए हामी मानवको कुनै अस्तित्व हुँदैन भन्ने कुराको चेतना फैलाउँछु ।

मलाई स्वच्छ वातावरण निर्माणमा किशोरकिशोरीको भूमिका भन्ने सत्र मन पऱ्यो । मैले अहिलेसम्म यस्तो कार्यक्रममा भाग लिएको छैन । मलाई प्रशिक्षकको पढाउने विधि र विषय वस्तुसँग केन्द्रित रहेर पढाउने शैली असाध्यै मन पऱ्यो ।

हामी विद्यार्थीलाई यस्तो सिक्ने अवसर दिनुभएकोमा इन्हुरेड इन्टरनेशनल संस्थालाई विशेषगरी धेरै-धेरै धन्यवाद दिन चाहन्छु । यस्तो शिक्षा अझै धेरै विकट क्षेत्रसम्म पुऱ्याएर शिक्षा बाड्न र धेरै प्रदूषित क्षेत्रमा यस्तो शिक्षा तथा कार्यक्रम संचालन गर्न हुन म संस्थालाई सुझाव दिन चाहन्छु ।



## आरती कुमारी सिहं

सहभागी (कक्षा-८, श्री राष्ट्रिय आधारभूत विद्यालय)
भंगाहा नगरपालिका-४, महोत्तरी

समग्रमा वातावरण संरक्षण अतिरिक्त शिक्षा मलाई साह्रै मन पऱ्यो किनभने यस कार्यक्रमबाट आफूलाई थाहा नभएका कुराहरू सिक्न पाएँ । यस अतिरिक्त शिक्षाबाट नयाँ-नयाँ शब्दहरू थाहा पाएँ जस्तैः सेन्डाई फ्रेमवर्क । त्यसैले वातावरण शिक्षा सह्रै मन पऱ्यो । आफूले सिकेका कुराहरू घरमा गएर भाइबहिनीलाई सिकाउने गर्छु र यसरी व्यवहारमा लागू गर्छु ।

यस कार्यक्रमको सत्र १४ः फोहोर व्यवस्थापन मलाई एकदमै मन पऱ्यो किनकी यस सत्रमा फोहारहरूलाई कसरी व्यपस्थापन गर्ने भन्ने बारेमा सिक्न पाएँ जस्तैः फोहारमैला दुई प्रकारका हुन्छन् : १) जैविक फोहोर २) अजैविक फोहोर । जैविक फोहोर भन्नाले सड्ने खालका वस्तुहरू र अजैविक फोहोर भन्नाले नसड्ने खालका वस्तुहरू हुन् । साथै यस्ता वस्तुहरूलाई कसरी पुनः प्रयोगमा ल्याउन सकिन्छ भन्ने बारेमा पनि सिक्न पाएँ । यस अघि फोहोर व्यवस्थापन कार्यक्रममा भाग लिएकी थिए ।

संगिता मिसको पढाउने विधि चाहिँ मलाई एकदमै राम्रो लाग्यो । उहाँले सत्रको शुरुवात गर्नुभन्दा पहिला नयाँ-नयाँ किसिमको खेलबाट शुरुवात गर्नुहुन्थ्यो । उहाँले बीच-बीचमा प्रश्न पनि सोध्ने गर्नुहुन्थ्यो । मिसले तीन वा चार जनाको समूह बनाएर चार्ट पेपरमा लेखाउनुहुन्थ्यो र लेखाई सकेपछि छलफल विधिबाट प्रष्ट पार्नुहुन्थ्यो । त्यही भएर मिसको शिक्षण विधि मलाई एकदमै मन पऱ्यो ।



## राखी कुमारी यादव

सहभागी (कक्षा-८, श्री राष्ट्रिय आधारभूत विद्यालय)
भंगाहा नगरपालिका-४, महोत्तरी

यस वातावरण संरक्षण अतिरिक्त शिक्षा मलाई मन पऱ्यो । यो वातावरण विषय एकदमै राम्रो छ र यो विषय पढ्दा नयाँ कुरा सिक्नुका साथै नयाँ किसिमका खेलहरूको बारेमा पनि सिकेँ । म यो सिकेको कुराहरू साथिहरूसँग भन्छु र आफ्नो व्यवहारमा लागू गर्छु ।

यस कार्यत्रमको सत्र-२ मलाई मन पऱ्यो किनभने वातावरण भनेको के र वातावरणलाई हामीले कसरी जोगाउनुपर्छ भन्ने बारेमा थाहा हुनु एकदम जरुरी हुन्छ । वातावरणलाई कसरी जोगाउनुपर्छ भन्ने बारेमा पनि मिसले सिकाउनुभयो । यस अघि म यस्ता खालका कुनै कार्यक्रममा भाग लिएकी थिइन ।

मिसको शिक्षण विधि मैले आफ्नो विद्यालयको सरहरूको भन्दा फरक किसमिको पाएँ । उहाँको पढाउने विधि मलाई मन पऱ्यो । मिसले ठूलो स्वरमा सबैले सुन्ने गरी सिकाउनुहुन्थ्यो । मेरो तर्फबाट संस्थालाई कुनै सुझाव छैन ।

# विपद् व्यवस्थापन: पूर्व तयारी तथा तालिम



**अशिम राई**
सहभागी (अध्यक्ष- थुलुङ दूधकोशी गाउँपालिका)
सोलुखुम्बु

यो विपद् व्यवस्थापन महत्वपूर्ण कुरा हो किनभने विपद् भनेको मान्छेले नसोचि आउने अवस्था हो । आज आउँछ, भोलि आउँछ या कतिबेला आउँछ थाहा हुन्न तर यस प्रकारको "विपद् व्यवस्थापन: पूर्व तयारी तथा तालिम" भलै एक दिनको भएता पनि कम्तिमा पूर्व तयारी अपनाएर हाम्रा यहाँका जनतालाई भैपरी आउने विपद्लाई सामना गर्नका लागि रणनीति दिन्छ जस्तो मलाई लाग्छ ।

आज सशस्त्र प्रहरी बलका प्रहरी निरीक्षक सरले विपद्बाट कसरी बच्न सकिन्छ भन्ने कुराहरू हाम्रा सहभागीहरूलाई तालिम दिनुहुन्छ र तालिम पश्चात् वहाँहरूले व्यवहारमा उर्तानुभयो भने संस्थाले जुन उद्देश्यका साथ कार्यक्रम गर्नुभएको छ त्यो पूरा हुन्छ होला भन्ने लागेको छ ।

आम नेपालीको बानी कस्तो हुन्छ भने हामी थुप्रै तालिम दिन्छौं र लिन्छौं पनि तर तालिम लिइ रहँदासम्म चाहिँ हामी एकदमै हौसिन्छौं तर जीवन र व्यवहारमा भने हामी उपयोग गर्दैनौं । यो चाहिँ कमजोरी देख्छु । व्यवहारमा लागू गर्न नसक्नुको कारण सायद पुन: ताजगी तालिम नभएर पनि हुन सक्छ । तथापि, हामीले आज तालिममा जे सिक्छौं चाहे सामान्य सचेतनाका कुरा नै किन नहोस् तर त्यसले गर्दा ठूलो मानवीय तथा भौतिक जोखिमबाट पनि हामीले पार पाउन सक्छौं होला भन्ने मेरो बुझाइ छ ।

संस्थाले नर्सरी, वीउ विजनदेखि लिएर यहाँका विभिन्न आवश्यक कुराहरू पूर्ति गरिरहनु भएको छ र त्यसलाई निरन्तरता दिनुभयो भने स्थानीय सरकार तपाईहरूलाई आभार प्रकट गर्छौं साथै सम्मान व्यक्त गर्छौं । परेको आवश्यक साथ सहयोग के गर्नुपर्छ हामी तपाईसँगै हुन्छौं । यो कार्यक्रम सफल होस् । जसले कार्यक्रम आयोजना गर्नुभयो र जो आज सहभागी हुनुहुँदै हुन्छ । सबैको लागि राम्रो होस् । तपाईहरू सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दै मेरो विषय टुङ्ग्याउछु, धन्यवाद !

## भीम कुमारी राई

सहभागी (शिक्षक- श्री जन बिहानी प्रा.वि.)
थुलुङ दूधकोशी गाउँपालिका-८, सोलुखुम्बु



आज यस कार्यक्रममा सहभागी भएर मलाई धेरै खुशी लागि रहेको छ । म इन्हुरेड संस्थालाई सर्वप्रथम धन्यवाद दिन चाहन्छु किनभने हाम्रो गाउँघरमा आपत-विपद् पर्दा के गर्नुपर्छ भन्ने कुराको ज्ञान थिएन र आज हामीले त्यस्तो अवस्थामा के-के गर्नुपर्छ भन्ने नयाँ कुराहरू सिक्न पायौँ । यो भन्दा पहिला यस प्रकारको तालिम हामीले प्राप्त गरेका थिएनौँ र आज नयाँ कुरा सिकेका छौँ । हामीले यहाँ सिकेका कुरा गाउँघरमा गएर अरुलाई पनि सिकाउने छौँ ।

तालिमको सबैभन्दा मन परेको सिकाइ भनेको आपत-विपद् पर्दा आफ्नो ज्यान कसरी बचाउने र अरुलाई पनि कसरी बचाउने भन्ने कुरा रहेको छ । इन्हुरेड संस्थाले यसै गरी फेरि-फेरि पनि तालिम ल्याउनेछ र सिक्न पाइने छ भन्ने आशा पनि लिएका छौँ ।

आज वितरण गरिएका सामग्रीहरू धेरै महत्वपूर्ण रहेको छ किनभने गाउँघरमा त्यस्तो सामान हुँदैन । उक्त सामानलाई यही कार्यालयमा राखिएको छ र त्यो सामान विपद् पर्दा हामीले चलाउन सक्नेछौँ ।

---

## टसी राई

सहभागी
थुलुङ दूधकोशी गाउँपालिका-८, सोलुखुम्बु



आज इन्हुरेड इन्टरनेशनल संस्थाले आयोजना गरेको “विपद् व्यवस्थापन: पूर्व तयारी तथा तालिम” मा सहभागी हुन पाउँदा एकदमै खुशी लाग्यो । तालिममा विपद् पर्दा के गर्ने, कसरी बच्ने जस्तै: भूकम्प आउँदा के गर्ने, कसरी सुरक्षित रहने भन्ने कुराहरू सिकाउनुभएको थियो । धेरै जोखिमहरू आउँछन् जस्तै: भूकम्प, चट्याङ, पहिरो लगायतका विभिन्न विपद्बाट बच्ने उपाय तालिममा सिकाएको विशेष मन पऱ्यो ।

यस अघि विपद् व्यवस्थापन सम्बन्धि तालिम लिएकी थिइन । मैले आज जुन तालिम लिए त्यसलाई व्यवहारमा उतार्न सकूँ र सबै सहभागीहरूले पनि व्यवहारमा लागू गर्न सकून् । हामीले सिक्यौं र अरुलाई पनि सिकाउन सकौं भन्ने लाग्छ ।



**एक बहादुर राई**
सहभागी
थुलुङ दूधकोशी गाउँपालिका-८, सोलुखुम्ब

विपद्को बेला आफू कसरी जोगिनुपर्छ भनेर आजको "विपद् व्यवस्थापन: पूर्व तयारी तथा तालिम" बाट हामीले सिकेका छौं । तालिम प्रदान गर्नुहुने सशस्त्र प्रहरी बलका प्रशिक्षक सर र संस्थालाई म विशेष धन्यवाद दिन चाहन्छु । संस्थाले हाम्रो लागि आवश्यक तालिम दिनुभयो, यसमा म एकदमै खुशी छु । यस प्रकारको तालिम मैले यस अघि लिएको थिएन । मलाई तालिम अति नै महत्वपूर्ण लाग्यो । आपतकालीन अवस्थामा कसरी बच्नुपर्छ र अरुलाई पनि कसरी बचाउनुपर्छ भन्ने कुराहरू मैले आज सिकेको छु । विभिन्न विपद्हरूबारे र यसका समाधानका उपायहरू पनि धेरथोर आज बुझ्न पाएँ । पहिला यस्तो कुराहरू बुझेको थिइन । आज पाएको शिक्षा चाहिँ मेरो गाउँघरमा बाड्नुपर्ने जिम्मेवारी मैले महसुस गरेको छु ।



**मनोज थापा**
सहभागी (सामाजिक परिचालक- रिलिफ नेपाल)
गोलन्जोर गाउँपालिका-१, सिन्धुली

हाल म रिलिफ नेपालद्वारा संचालित बाल स्पोन्सरशिप परियोजना अर्न्तगत यस गोलन्जोर गाउँपालिका-१ र फिक्कल गाउँपालिका-२ मा सामाजिक परिचालकको रूपमा कार्यरत छु । तपाईहरूको यस "विपद् व्यवस्थापन: पूर्व तयारी तथा तालिम" मा म पहिलो पटक सहभागी भएको हो । यस कार्यक्रममा सहभागी भएपछि मलाई एकदमै राम्रो लाग्यो किनभने हाम्रो समुदायमा जति पनि विपद्हरू आइ पर्छन्, त्यसलाई न्यूनीकरण गर्नका निम्ति तपाईहरूले गर्नुभएको यो प्रयास

अत्यन्तै राम्रो हुनेछ । यस तालिमले गर्दा हाम्रो समुदायमा घट्ने विपद्हरूलाई व्यवस्थापन गर्न सकिनेछ ।

जोखिमपूर्ण अवस्थाको सामना गर्नका निम्ति यहाँका युवाहरूलाई "विपद् व्यवस्थापन: पूर्व तयारी तथा तालिम" मा समावेश गराएर परिचालन गर्न सकियो भने हाम्रो समुदायमा हुने विपद् व्यवस्थापनलाई अझ बलियो बनाउन सकिन्छ जस्तो मलाई लाग्छ । त्यही अनुसार नै आज हामी सबैको सक्रिय सहभागीता रहयो भन्ने मेरो बुझाइ रह्यो । धन्यवाद !



## लक्ष्मी शर्मा गौतम

सहभागी (महिला स्वास्थ्य स्वयंसेविका)
गोलन्जोर गाउँपालिका-१, सिन्धुली

यो "विपद् व्यवस्थापन: पूर्व तयारी तथा तालिम" मा आज सहभागी हुँदा धेरै कुराहरू सिक्ने मौका मिल्यो । तालिममा समुदायका लागि भनेर वितरण गरिएका विपद् पूर्व तयारी तथा प्रतिकार्य सामग्री कुन-कुन अवस्थामा कसरी प्रयोग गर्न सकिन्छ भनेर हामीले अभ्यास पनि गर्‍यौं ।

यस अघि पनि मैले विपद् व्यवस्थापन सम्बन्धि तालिम लिएकी थिएँ तर पहिलेको र अहिलेकामा फरक पाएँ । पहिला हामीले तालिमको रूपमा मात्र लिएका थियौं भने अहिले चाहिँ सामग्री सहित अभ्यास पनि गरेका थियौं । उक्त सामग्रीहरू हामी अवस्था अनुसार सदुपयोग तथा व्यवस्थापन गर्नेछौं ।

यस विपद् व्यवस्थापन तालिम यस क्षेत्रमा अत्यावश्यक छ । मेरो विचारमा यस प्रकारको तालिम केन्द्रमा केन्द्रित नगरेर गाउँ समुदायमा विस्तार गर्न सके अझ प्रभावकारी हुने थियो । अन्त्यमा, यस्तै जीवनउपयोगी सीप तथा तालिमहरू अझ विस्तार गर्न सकोस् भन्ने संस्थालाई मेरो सुझाव रहेको छ ।

## रीता पहाडी

सहभागी (कक्षा-१०, श्री कामदा मा.वि.)
गोलन्जोर गाउँपालिका-१, सिन्धुली



म विहानी किरण बाल क्लबमा सदस्यको रूपमा रहेकी छु । मैले आजको तालिमबाट धेरै कुराहरू सिकेँ जस्तैः कुनै पनि प्रकारको विपद्बाट आफू कसरी सुरक्षित रहने र बच्ने उपायहरू के-के हुन आदि । अब सिकेका कुराहरूलाई व्यवहारमा उतार्न सके अझ बढी सिक्न सकिन्छ भन्ने लागेको छ । गाउँ घरमा गएर आफूले सिकेका कुराहरू सिकाउँछु ।

---

## सुजता पहाडी

सहभागी (कक्षा-१०, श्री कामदा मा.वि.)
गोलन्जोर गाउँपालिका-१, सिन्धुली



म विहानी किरण बाल क्लबको सदस्य हो । यो भन्दा अगाडि मैले तालिमहरू लिएकी थिएँ तर अहिलेको जस्तो राम्रोसँग ज्ञान लिन सकिरहेकी थिइन किनभने म अहिलेको जस्तो आफूलाई ज्ञान लिन सक्ने इच्छा शक्ति पहिला आएको थिएन । अहिले भने अलि ठूलो भएँ र ज्ञान लिन सक्ने भएँ ।

आज "विपद् व्यवस्थापन: पूर्व तयारी तथा तालिम" लिएँ । यस भन्दा अघि मैले यति धेरै कुराहरू सिक्न पाएकी थिइन र आज विभिन्न विपद्हरू आइ परेको बेला आफूले कस्तो गर्ने र कुन अवस्थामा के गर्ने भन्ने विषयहरूमा धेरै कुराहरू सिकेँ । मलाई तालिम एकदमै मन पर्‍यो । आज सिकेका कुराहरू अरुले जानेका छैनन् भने उनीहरूलाई सिकाउने र व्यवहारमा पनि परिवर्तन गर्न सिकाउने छु ।

संस्थालाई मेरो सुझाव भनेको तालिमको समय अलि छोटो भयो र धेरै समय लिएर सिक्न पाइएन त्यसैले अलि बढी समय दिएको भए अझ धेरै ज्ञान लिन सकिनेथ्यो ।

## रमिता कुमारी सिंह

सहभागी (शिक्षिका- श्री मा.वि. भंगाहा सीतापुर सद्दपुर)
भंगाहा नगरपालिका-५, महोत्तरी



यो "विपद् व्यवस्थापन: पूर्व तयारी तथा तालिम" मलाई असाध्यै राम्रो लाग्यो । विपद् परेको बेला के-के गर्न सकिन्छ र आउन अगाडि कसरी सतर्क हुने भन्ने कुराहरू आज जानियो । अब हामीले जानेका कुराहरू गाउँ घरमा गएर जो जानेका छैनन् उनीहरूलाई भन्नेछौं ।

हाम्रो गाउँ घरमा पनि सबैलाई यस्तो किसिमको शिक्षा दिन पाए धेरै राम्रो हुने थियो । आजको कार्यक्रममा विद्यार्थीहरूलाई समेटिएकोमा मलाई धेरै राम्रो लाग्यो । यस्तै तालिम विद्यार्थीहरूलाई मात्र समेटेर दिएको भए अझ राम्रो हुन्थ्यो किनभने उनीहरू विभिन्न गाउँ टोलबाट आएका हुन्छन् र सबै सिकाएका कुराहरू गाउँ-गाउँमा घर-घरमा पुऱ्याउने गर्छन् । त्यसै गरी टोलटोलमा महिलाहरूलाई पनि यस प्रकारको तालिम दिँदा धेरै राम्रो हुन्छ जस्तो लाग्छ किनभने उनीहरूबाट पनि दुर्घटना हुन सक्छ, जस्तै: आगलागी । महिलाहरू बढी भान्साको कामहरू गर्ने गर्छन् र यस प्रकारको तालिम प्रदान गर्न सकियो भने उनीहरूमा सतर्कता बढाउन सकिन्छ । धन्यवाद !

---

## कमल बहादुर श्रेष्ठ

सहभागी (प्राथमिक शिक्षक- श्री मा.वि. भंगाहा सीतापुर सद्दपुर)
भंगाहा नगरपालिका-५, महोत्तरी



मलाई आजको यो "विपद् व्यवस्थापन: पूर्व तयारी तथा तालिम" असाध्यै फलदायी लाग्यो । विशेष गरेर शिक्षकहरू पनि सामेल भएको कारणले यो तालिम प्रभावकारी नै भयो किनभने हामी सधैं सयौं विद्यार्थीहरू सँगै विद्यालयमा हुन्छौं । त्यसै गरी जन-प्रतिनिधिहरूको पनि सहभागीताले अझ प्रभावकारी भयो ।

तालिममा अभ्यासको लागि चाहिँ अलि ठूलो र खुल्ला ठाउँ भएको भए अझ प्रभावकारी हुने थियो । प्रशिक्षक सरले दिनुभएको प्रस्तुति असाध्यै राम्रो लाग्यो । संस्थालाई मेरो सुझाव भनेको आउने कार्यक्रमहरू हाम्रा विद्यार्थी भाइबहिनीहरूलाई बढी संख्यामा समेटेर तालिम दिँदा अझ फलदायी हुन्थ्यो । समग्रमा सबै राम्रो लाग्यो ।